सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ फागुन २०८०, शुक्रबार (8 Mar 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३१९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ रुसी समकक्षीसँग उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको टेलिफोन वार्ता

नेपालले भन्यो– नेपालीलाई रुसी सेनाबाट बिदा दिनुहोस्, रुसले भन्यो : सकारात्मक छौं



नारायणकाजी श्रेष्ठ



सेर्गेई लाभरोभ

रुसी सेनामा रहेका नेपालीका विषयमा नेपाल र रुसबीच पहिलोपटक उच्चस्तरमा संवाद भएको छ। उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र रुसी विदेशमन्त्री सेर्गेई लाभरोभबीच बिहीबार अपराह्न टेलिफोन वार्ता भएको हो। 'उपप्रधानमन्त्री श्रेष्ठले शव स्वदेश ल्याउन, मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन र रुसी सेनामा कार्यरत नेपाली नागरिकलाई स्वदेश फर्काउन सहजीकरण गर्न रुसका विदेशमन्त्रीसँग आग्रह गर्नुभएको छ,' परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'उपप्रधानमन्त्रीले क्षतिपूर्तिको प्रक्रिया सुरु गरेकोमा रुसी मन्त्रीलाई धन्यवाद दिँदै यसलाई छिटोभन्दा छिटो टुंग्याउन आग्रह गर्नुभएको छ।' उपप्रधानमन्त्री श्रेष्ठले राखेको चासोमा रुसी विदेशमन्त्री लाभरोभले सकारात्मक जवाफ दिए। 'हामी तपाईंको चासोमा सकारात्मक छौं,' रुसी विदेशमन्त्रीको भनाइ थियो, 'रक्षा मन्त्रालयसँग सम्बन्धित विषय भएको हुनाले त्यहाँ आवश्यक समन्वय गर्छौं।'

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपालले सन्धिका आधारमा भर्ती भएकाबाहेक अन्य कुनै पनि मुलुकका सेनामा आफ्ना नागरिकको भर्ती स्वीकार्य नहुने रुसलाई स्पष्ट पारेको छ। रुसी विदेशमन्त्री सेर्गेई लाभरोभसँग बिहीबार अपराह्न भएको टेलिफोन कुराकानीमा उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपाली नागरिकलाई रुसी सेनाबाट अलग गर्न, मृत्यु भएकाहरूको शव स्वदेश फर्काइदिन र सेनामा भएका नेपालीको संख्याबारे जानकारी गराइदिन आग्रह गरेका छन्।

रुसी सेनामा रहेका नेपालीका विषयमा नेपाल र रुसबीच पहिलोपटक उच्चस्तरमा संवाद भएको हो। राष्ट्रपति पुटिनका विश्वासप्राप्त लाभरोभ दुई दशकदेखि निरन्तर रुसका विदेशमन्त्री छन्। दुई परराष्ट्रमन्त्रीबीच बिहीबार टेलिफोन वार्ता गर्ने समय निवर्तमान परराष्ट्रमन्त्री एनपी साउदकै कार्यकालमा तय भएको थियो।

'उपप्रधानमन्त्री श्रेष्ठले शव स्वदेश ल्याउन, मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन र रुसी सेनामा कार्यरत नेपाली नागरिकलाई स्वदेश फर्काउन सहजीकरण गर्न रुसका विदेशमन्त्रीसँग आग्रह गर्नुभएको छ,' परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'उपप्रधानमन्त्रीले क्षतिपूर्तिको प्रक्रिया सुरु गरेकोमा रुसी मन्त्रीलाई धन्यवाद दिँदै यसलाई छिटोभन्दा छिटो टुंग्याउन आग्रह गर्नुभएको छ।' रुसले त्यहाँ मारिएका नेपाली नागरिकका परिवारलाई नेपाली दूतावासमार्फत क्षतिपूर्ति उपलब्ध गराउने प्रतिबद्धता जनाउँदै आएको छ।

> शव पठाउन सहज नभएको भन्दै रुस सरकारले तीन नेपाली मृतकको दाहसंस्कार गरिसकेको छ

'उपप्रधानमन्त्री श्रेष्ठले नेपाली नागरिकलाई रुसी सेनाबाट अलग गर्न, त्यहाँ रहेका नेपाली नागरिकको संख्या र अवस्थाबारे जानकारी गराउन, मृत्यु भएकाहरूको शव स्वदेश फर्काउन सहजीकरणका लागि आग्रह गर्नुभएको छ। उहाँले दोहोऱ्याएर नेपालको चासो स्पष्ट रूपमा राख्नुभएको छ,' टेलिफोन संवाद सुनेका परराष्ट्र अधिकारीले भने, 'यसका लागि आवश्यक परे नेपालबाट उच्चस्तरमा भ्रमण गर्न वा आवश्यक अन्य उपायका लागि पनि तयार छौं भन्ने सन्देश पनि नेपालका तर्फबाट गएको छ।'

उपप्रधानमन्त्री श्रेष्ठले रुस नेपालको पुरानो मित्र रहेको उल्लेख गरेका थिए। तर, रुस र युक्रेनको युद्धमा नेपाल निरपेक्ष रहेकोसमेत उनले स्पष्ट पारेका थिए। रुस र युक्रेनको युद्ध संवादबाट समाधान गर्नुपर्नेमा उनले जोड दिएका थिए।

'हाम्रो देशको कानुनले सैन्य भर्तीसम्बन्धी सन्धि भएबाहेकका मुलुकका सेनामा नागरिक भर्ती गर्ने

» पृष्ठ २ मा क्रमशः

नेपाली फिर्ता गर्न रुस तयार रहेको साउदको दाबी

निवर्तमान परराष्ट्रमन्त्री एनपी साउदले रुसी सेनामा कार्यरत नेपालीलाई चरणबद्ध रूपमा स्वदेश फर्काउन रुस सरकारले सहमति जनाएको दाबी गरेका छन्। विदेश मन्त्रालयले कूटनीतिक पत्राचारमार्फत प्रतिबद्धता जनाएको साउदले बताए।



'रुसको विदेश मन्त्रालयले त्यहाँको सेनामा कार्यरत नेपालीलाई फिर्ता गर्न सहमत छौं भनेर चिठी पठाएको छ। उनीहरू रुसका विभिन्न ठाउँमा भएको हुनाले चरणबद्ध रूपमा स्वदेश फिर्ता गर्छौं भन्ने पनि जानकारी आएको छ,' साउदले भने, 'सरकारले यसलाई फलोअप गर्नुपर्छ। एकैपटक सम्भव हुँदैन, चरणबद्ध रूपमा हामी नेपालीलाई फिर्ता गर्न सहमत छौं भनेर चिठी नै आएको छ।'

साउदले रुसमा रहेका नेपाली फिर्ता र मृतकको क्षतिपूर्तिलगायतका विषयमा अहिलेसम्म महत्त्वपूर्ण उपलब्धि भएको बताए। 'अब यसलाई कार्यान्वयनमा ल्याउन मात्रै बाँकी छ। मैले एउटा स्थितिमा पुऱ्याएर गएको छु। नवनियुक्त मन्त्रीले निरन्तरता दिनुपर्छ,' साउदले भने।

अहिलेसम्म रुस सरकारले रुसी सेनामा कार्यरतमध्ये १० जनाको मृत्यु भएको विवरण परराष्ट्र मन्त्रालयलाई पठाएको छ। परराष्ट्रका अनुसार स्याङ्जाका हरिप्रसाद अर्याल र पितम कार्की, कैलालीका भरतबहादुर शाह, धादिङका राजकुमार गिरी, कुन्दनसिंह नागल, गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, दोलखाका राजकुमार रोका र इलामका गंगाराज मोक्तानको मृत्यु भएको छ। तर, रुसी सेनामा कार्यरतमध्ये दुई दर्जनभन्दा बढीको मृत्यु भएको भन्दै शव फिर्ताका लागि परिवारका सदस्यले सरकारसित अनुरोध गरेका छन्।

सत्तासहयात्री फेरिएपछि सदनमा प्रधानमन्त्री–कांग्रेस नोकझोक

सत्तासमीकरण फेरबदलमा प्रधानमन्त्रीले कांग्रेसलाई जिम्मेवार ठान्दै देखाए पाँच कारण, कांग्रेसको प्रतिवाद

■ प्रधानमन्त्रीले देखाएका गठबन्धन तोड्नुपर्ने पाँच कारण

१ ०८० को निर्वाचनदेखि राष्ट्रिय सभा चुनावसम्म कांग्रेसबाट धोखा मात्रै पाइयो

२ संविधानको मर्मविपरीत महासमिति बैठकमा हिन्दु राष्ट्रको अभियान चलाइयो

३ राजनीतिक प्रतिवेदनमा जनयुद्धको न्यूनीकरण मात्र होइन, विद्रुपीकरण नै गरियो

४ कांग्रेसलाई ठूलो पार्टी बनाउने गठबन्धनकै निन्दा गरियो, साझेदारहरूको मानमर्दन थालियो

५ औसत काम पनि नगर्ने मन्त्रीहरू हटाउन खोज्दा प्रधानमन्त्रीका रूपमा असहयोग मात्रै पाइयो

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्तासमीकरण फेरबदल हुनुका पाँच कारण प्रस्तुत गरेका छन्। प्रतिनिधिसभाको बिहीबारको बैठकमा विशेष समय लिएर बोल्दै उनले गठबन्धन परिवर्तन र मन्त्रिपरिषद् पुनर्गठन गर्नुपर्ने मुख्य कारक सहयात्री दल कांग्रेस नै भएको दाबी गरे। कांग्रेसले भने सदनबाटै त्यसको प्रतिवाद गर्दै प्रधानमन्त्रीमाथि प्रश्नैप्रश्न उठाएको छ।



अब गठबन्धन टुट्दैन : एमाले

कांग्रेससँग ११ महिनाको सहकार्यमा प्रधानमन्त्री पद सुरक्षित भए पनि परिणाममुखी काम गर्न साथ नपाएकाले नयाँ गठबन्धनमा जानुपरेको प्रधानमन्त्री प्रचण्डको दाबी छ। उनले पहिलो कारण निर्वाचनमा कांग्रेसबाट निरन्तर असहयोग भएको देखाए। 'गएको निर्वाचनमा माओवादी केन्द्रले जुन तहमा कांग्रेसलाई सघायो, त्यही तहमा आफूले सहयोग पाएन। त्यसले आपसी विश्वास कमजोर

» पृष्ठ २ मा क्रमशः



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नयाँ विकल्प कति जोखिमपूर्ण थियो, पछिल्ला घटनाक्रमले देखाइरहेको छ

आफूसँग हुँदा इमान, अरूसँग हुनेबित्तिकै बेइमान भन्ने हुँदैन

यसलाई इमान र बेइमानको भन्दा पनि राजनीतिक प्रतिबद्धता र मुद्दाको आधारमा हेर्दा उचित होला। संसद्मा भएका कुनै पनि दलप्रति अविश्वास, आशंका र घृणा होइन राष्ट्रिय मुद्दामा मिलेरै अगाडि बढ्नु छ। तर, आफूसँग हुँदा इमान, अरूसँग हुनेबित्तिकै बेइमान भन्ने हुँदैन। यो राजनीतिक परिस्थिति, मुद्दामा निर्भर रहने कुरा हो। राजनीतिमा केही आशंका पैदा भएपछि यो अवस्था आएको हो।

नयाँ विकल्प कति जोखिमपूर्ण थियो र छ, पछिल्ला दिनका घटनाक्रमले देखाइरहेका छन्। अब यो कति परिणामुखी हुन्छ, त्यो पनि विश्वासको मत लिने वेलासम्म प्रारम्भिक रूपमा प्रमाणित भइसक्नेछ। यहाँ कसैलाई मेरो कदम अस्थिर लाग्न सक्छ, कसैलाई गतिशील, तर यसको केन्द्रमा म छैन, मेरो पद छैन, देश र जनताको हित छ। आउँदा दिनमा सरकारका काम र परिणामबाट म त्यो प्रमाणित गर्न प्रतिबद्ध छु।

धोका पाएकाहरू एकै ठाउँमा उभिए कहाँ पुग्नुहुन्छ ?

● **रमेश लेखक**, प्रमुख सचेतक, कांग्रेस



प्रधानमन्त्री प्रचण्डले गठबन्धनको मूल्यमान्यता तथा सहमति भत्काएर एकतर्फी रूपले अविश्वसनीय ढंगले गठबन्धन तोड्नुभएको छ। यो कांग्रेसप्रति विश्वासघात हो। संविधान, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाविरुद्ध कुठाराघात हो। गएको निर्वाचनमा जनतासामु प्रतिबद्धता जनाएर गठबन्धन भत्काउने भनेको जनमतको पनि घोर अपमान हो।

हामीले यो गठबन्धनलाई निरन्तरता दिन्छौं भनेकै थियौं। आगामी दिनका बारेमा छलफल गरिरहेका थियौं। निर्वाचनपूर्व गठबन्धन गर्ने कि नगर्ने विचारहरू थिए, निर्वाचनपछि गर्ने कि भनेर कांग्रेसले छलफल गर्न पाउँदैन ? अनि कांग्रेसको छलफलको कुराले आतंकित भएर गठबन्धन भत्काउनुपर्ने ?

यी जम्मै धोका पाएकाहरू एक दिन तपाईंका विरुद्ध एकैठाउँमा उभिए भने कहाँ पुग्नुहुन्छ ?

यादवलाई फेरि स्वास्थ्यकै जिम्मेवारी



उपेन्द्र यादव



नवलकिशोर साह सुडी



दीपक कार्की

जसपा अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा सरकारमा जाने भएको छ। यादव उपप्रधानमन्त्रीसहित स्वास्थ्य र नवलकिशोर साहलाई वनमन्त्री बनाउने निर्णयमा जसपा पुगेको हो। स्वास्थ्य राज्यमन्त्री दीपक कार्कीलाई बनाउने निर्णय भएको छ।

■ शिवरात्रिका बाबा



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

शिवरात्रिका लागि नेपाल तथा भारतका विभिन्न स्थानबाट पशुपतिमा आइपुगेका बाबा। शुक्रबार शिवका भक्तजनहरूलाई पशुपतिनाथ दर्शनका लागि चारवटा प्वाइन्टबाट लाइन लाग्ने व्यवस्था गरिएको छ। बिहान २ बजेदेखि नै मुख्य मन्दिरको ढोका खोलिने पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले बताए। उनका अनुसार एक मिनेटमा कम्तीमा सयजनाले दर्शन गर्ने व्यवस्था मिलाइनेछ। एकपटकमा नौजनाले मन्दिरको दर्शन गर्न सक्नेछन्।



एनओसी कार्यालयमा अत्यासलाग्दो भिड

एकै दिन पुग्छन् तीन हजार विद्यार्थी, कर्मचारी नहुँदा सेवा लिन सास्ती, दिनभर लाइन बसेर पनि पाउँदैनन् एनओसी

शिवहरि घिमिरे/नयाँ पत्रिका

सानोठिमीस्थित वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) कार्यालयमा एनओसी लिन आउनेको अत्यधिक भिड लाग्ने गरेको छ। तर, कर्मचारीको अभावमा सेवा लिन सास्ती खेप्नुपरेको छ।

फागुनको पहिलो सातासम्म दैनिक ६ सयको हाराहारीमा निवेदन आउने गरेकामा त्यसयता भने दैनिक तीन हजार हाराहारी निवेदन आउन थालेका छन्। तर, आएजति निवेदन कार्यालयले सम्बोधन गर्न सक्दैन। जसका कारण सेवाग्राहीका निवेदनहरू पेन्डिङ राख्ने गरिएको छ। हाल एनओसी लिन आउनेमध्ये सबैभन्दा बढी जापानका लागि छन्। फागुन पहिलो सातायताको तथ्यांक हेर्दा एनओसी लिनेमध्ये ९८ प्रतिशत विद्यार्थी जापान जानका लागि छन्।

एनओसी कार्यालयका प्रमुख शान्तिराम पौडेलले सेवाग्राहीको अत्यधिक भिड र सीमित कर्मचारीका कारण सेवा दिन हम्मेहम्मे परिरहेको बताए। 'नजिकै रहेको शिक्षा तथा मानव संसाधन विकास केन्द्रमा कर्मचारी फालाफाल छन्, तर हाम्रो कार्यालयमा कर्मचारीको अभाव छ,' उनले भने, 'हामीले सेवा दिन नसक्दा कतिपय विद्यार्थी अन्यायमा पनि पर्ने गरेका छन्।'

» पृष्ठ २ मा क्रमशः



भक्तपुरको सानोठिमीस्थित वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) कार्यालयमा बुधबार एनओसी लिन लाइन लागेका विद्यार्थी

> हामीले सेवा दिन नसक्दा कतिपय विद्यार्थी अन्यायमा पर्ने गरेका छन्



● **शान्तिराम पौडेल**, प्रमुख, एनओसी कार्यालय

सेवाग्राहीको अत्यधिक भिड र सीमित कर्मचारीका कारण सेवा दिन हम्मेहम्मे परिरहेको छ। नजिकै रहेको शिक्षा तथा मानव संसाधन विकास केन्द्रमा कर्मचारी फालाफाल छन्, तर हाम्रो कार्यालयमा कर्मचारीको अभाव छ। हामीले सेवा दिन नसक्दा कतिपय विद्यार्थी अन्यायमा पर्ने गरेका छन्।

शीतभण्डार निर्माणको अनुदान दुरुपयोगमाथि अख्तियारको छानबिन

सुवास भट्ट/नयाँ पत्रिका

शीतभण्डार निर्माणका लागि सम्झौतामा उल्लेख भएभन्दा बढी रकम भुक्तानी दिएर अनियमितता गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको अनुदानमा नुवाकोटमा शीतभण्डार निर्माण गरेको कम्पनीलाई सम्झौतामा भएभन्दा ५० लाख रुपैयाँ बढी भुक्तानी दिइएपछि अख्तियारले छानबिन थालेको हो।

> **नुवाकोट शीतभण्डार प्रालिसँग २४ असार ०७५ मा सम्झौता गरेको थियो। आलु शीतभण्डार सञ्चालनका लागि परियोजनाले प्रालिसँग १८ करोड ७८ लाख रुपैयाँमा सम्झौता गरेको थियो।**

परियोजनाले शीतभण्डार निर्माणका लागि नुवाकोट शीतभण्डार प्रालिसँग २४ असार ०७५ मा सम्झौता गरेको थियो। आलु शीतभण्डार सञ्चालनका लागि परियोजनाले प्रालिसँग १८ करोड ७८ लाख रुपैयाँमा सम्झौता गरेको थियो। त्यसमध्ये १० करोड ५० लाख रुपैयाँ परियोजनाले अनुदान दिने र बाँकी आठ करोड २८ लाख प्रालिले व्यहोर्ने सहमति भएको थियो। तर, परियोजनाले निर्माण कार्य नै नसकी प्रालिलाई ५० लाख रुपैयाँ अतिरिक्त भुक्तानी दिएको थियो। शीतभण्डार बनिननसक्दै प्रालिले परियोजनाबाट ११ करोड पाँच लाख ५९ हजार एक सय ५१ रुपैयाँ भुक्तानी पाएको थियो।

» पृष्ठ २ मा क्रमशः

नेपालले भन्यो...

पृष्ठ १ बाट क्रमशः

कुरालाई मान्यता दिएको छैन । पुरानो मित्रका रूपमा रुसले हाम्रा नागरिकलाई सेनाबाट बिदा गरोस् भन्ने हाम्रो आग्रह छ,' उपप्रधानमन्त्री श्रेष्ठलाई उद्धृत गर्दै परराष्ट्र अधिकारीले भने, 'नेपालीहरू रुसको सेनामा कति छन्, त्यसका बारेमा पनि जानकारी चाहन्छौं । त्यहाँ मृत्युवरण भएका नेपालीहरूको संख्या र उनीहरूको शव पठाउने व्यवस्था होस् ।' उपप्रधानमन्त्री श्रेष्ठले नेपाल आफ्ना नागरिकको सुरक्षाप्रति चिन्तित रहेको बताएका थिए ।

रुसी विदेशमन्त्री लाभरोभले नेपाली पक्षको चासोलाई सम्बोधन गर्न सहयोग गर्ने आश्वासन दिएको परराष्ट्र मन्त्रालयले जनाएको छ । परराष्ट्र स्रोतका अनुसार लाभरोभले रुसको कानुनमा शत्रुदेशबाहेक अन्य देशका नागरिकले सेनामा भर्ती हुन पाउने व्यवस्था रहेको बताएका थिए । तर, उपप्रधानमन्त्री श्रेष्ठले राखेको चासोमा उनले सकारात्मक जवाफ दिए । 'हामी तपाईंको चासोमा सकारात्मक छौं,' रुसी विदेशमन्त्रीको भनाइ थियो, 'रक्षा मन्त्रालयसँग सम्बन्धित विषय भएको हुनाले त्यहाँ आवश्यक समन्वय गर्छौं ।'

रुसी सेनामा कार्यरत नेपालीका परिवारलाई नेपाली दूतावासमार्फत क्षतिपूर्ति पठाउन रुस तयार भएको थियो । नेपाल र रुसको कूटनीतिक च्यानलमार्फत भएका चरणबद्ध पत्राचारका क्रममा रुसले फागुन पहिलो साता यो प्रतिबद्धता जनाएको थियो । रुस सरकारले मस्कोस्थित नेपाली दूतावासमा क्षतिपूर्ति पठाउनेछ भने त्यहाँबाट परराष्ट्र मन्त्रालय हुँदै सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मृतकका परिवारलाई उक्त क्षतिपूर्ति उपलब्ध हुनेछ । रुस सरकारको यो निर्णयप्रति उपप्रधानमन्त्री श्रेष्ठले समकक्षी लाभरोभलाई धन्यवाद दिएका छन् ।

रुसका विदेशमन्त्रीले उपप्रधानमन्त्री श्रेष्ठलाई पदभार ग्रहण गरेकोमा बधाई तथा शुभकामना व्यक्त गरेका थिए । उनले व्यापार, पर्यटन, संस्कृतिलगायतका विभिन्न क्षेत्रमा सहकार्य गर्न इच्छुक रहेको पनि बताएका थिए । दुवै परराष्ट्रमन्त्रीले रुसी सेनामा रहेका नेपालीको समस्यालगायत नेपाल-रुस सम्बन्धका विविध पक्षमा छलफल गरेका थिए ।

एनओसीमा.....

पृष्ठ १ बाट क्रमशः

साताको पहिलो दिन आइतबार एक हजार ११७ जनाले एनओसी लिएकामा अन्य एक हजार ९१ जतिले लाइन लागेर पनि एनओसी पाएनन् । कार्यालयले उनीहरूको फारम रिसिभ गरेर पेन्डिङ राखेको छ । त्यस्तै, हालसम्म पेन्डिङ रहेका र जारी गर्न बाँकी निवेदन संख्या १२ हजार नाघेको छ । यसमा पनि ९८ प्रतिशत निवेदन जापानकै लागि छन् । बुधबार बिहान एनओसी कार्यालय पुग्दा ७ बजेदेखि नै सेवाग्राही लाइन लागेका थिए । कार्यालयले सेवाग्राहीको अत्यधिक चाप बढेका कारण बेलुकी ६ बजेसम्म नै सेवा दिएको थियो । कार्यालयको अनलाइन सिस्टम नै डाउन हुने गरेपछि पनि सेवाग्राहीलाई थप सास्ती भएको छ । कार्यालयका अनुसार साउनयता सबै देशमा गरी करिब ६५ हजार विद्यार्थीले एनओसी लिएका छन् ।

शीतभण्डार...

पृष्ठ १ बाट क्रमशः

शीतभण्डार निर्माण सम्बन्धमा बनेको कार्यविधिअनुसार विभिन्न चार चरणमा निर्माण कार्यको भुक्तानी गर्ने उल्लेख थियो । जसमध्ये पहिलो चरणमा २० प्रतिशत, दोस्रो र तेस्रो चरणमा ३०-३० प्रतिशत र अन्तिम चरणमा २० प्रतिशत भुक्तानी गर्ने उल्लेख थियो । प्रालिलाई अन्तिम किस्ताको रकम भुक्तानी गर्न बाँकी छँदै बढी रकम भुक्तानी दिइएको थियो । सम्झौताभन्दा बढी रकम भुक्तानी भएपछि परियोजनाले रकम फिर्ता गर्न प्रालिलाई पत्राचार पनि गरेको थियो । स्रोतका अनुसार प्रालिलाई बढी भुक्तानी भएको रकम फिर्ता गर्न दुईपटकसम्म परियोजनाले पत्राचार गरेको थियो ।

भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर (भ्याट), ओभरहेड र जनसहभागिताको अंश कट्टा नगरी बढी रकम भुक्तानी गरेको सम्बन्धमा अख्तियारले परियोजनासँग विभिन्न विवरणहरू मागेको छ । शीतभण्डार निर्माण कार्यका लागि मोबिलाइजेसन पेस्कीबापत दिन सकिने रकम, पेस्की रकम रनिङ बिलमा कट्टापश्चात् भुक्तानी भए/नभएको विवरण तथा कागजात, पूर्वाधार शाखा तथा इन्जिनियरिङ अनुगमन शाखाले २० करोड ४९ लाख रुपैयाँको निर्माण कार्य सम्पन्न भएको भनी प्रमाणित गरेको देखिएकामा त्यसमा संलग्न कर्मचारी, शीतभण्डारको लागत अनुमान स्वीकृत गर्ने, मोबिलाइजेसन पेस्की, किस्ता तथा रनिङ बिलमा भुक्तानी दिने कर्मचारीको विवरणसमेत अख्तियारले मागेको छ ।

शीतभण्डार अनियमितताबारे अख्तियारले आवश्यक सबै कागजात केलाएर अनुसन्धान गरिरहेको छ । शीतभण्डार निर्माणमा अनियमितता भएको भन्दै महालेखापरीक्षक कार्यालयले पनि प्रतिवेदनहरूमा कैफियत औंल्याएको छ । शीतभण्डार अनुदानमा अनियमितता भएको उजुरी ०७६ मै अख्तियारमा परेको थियो । उजुरीपछि अख्तियारले प्रारम्भिक छानबिन गरेर कैफियतसमेत औंल्याएको थियो । तर, एक तहको अनुसन्धान टुंग्याएर पनि अख्तियारले त्यसलाई रोकिदिएको थियो । अहिले पुनः छानबिन थालेको हो । शीतभण्डारको अनुदानमा बढी भुक्तानी दिएर अनियमितता गरिएकोबारे नयाँ पत्रिकाले १० माघ ०७६ मा नै समाचार प्रकाशित गरेको थियो ।

सत्तासहयात्री...

पृष्ठ १ बाट क्रमशः

बनाएकै थियो, निर्वाचनपछि माओवादीलाई सरकारको नेतृत्व दिने सहमतिबाट पनि नेतृत्व पछि हट्यो । एउटा परिस्थितिमा फेरि जोडिएपछि फेरि कोशी प्रदेशमा त कांग्रेसको एउटा समूहले माओवादीविरुद्ध विद्रोह नै गऱ्यो । गठबन्धनको नैतिकताको कसीमा त्यो विद्रोह दण्डित हुनुपर्ने थियो, तर पुरस्कृत भयो । अझ राष्ट्रिय सभा निर्वाचनमा त्यो समूहले माओवादी उम्मेदवारलाई अन्तर्घातबाट पराजित नै गऱ्यो,' प्रधानमन्त्री प्रचण्डले भने । प्रधानमन्त्रीले देखाएको यो कारणमा कांग्रेसले कुनै प्रतिक्रिया जनाएन ।

महासमितिमा गठबन्धनको निन्दा

प्रधानमन्त्री प्रचण्डले समीकरण फेरिनुको दोस्रो कारण कांग्रेस महासमिति बैठकमा महामन्त्रीबाट आएको गठबन्धन नगर्ने दस्ताबेजलाई देखाएका छन् । 'जुन गठबन्धनले कांग्रेसलाई पहिलो पार्टी बनाएको थियो, त्यो कुरालाई बिर्सेर महासमिति बैठकमा विनासन्दर्भ त्यही गठबन्धनको निन्दा सुरु भयो,' प्रचण्डले भने, 'निर्वाचन आउन चार वर्ष बाँकी छँदै गठबन्धनका साझेदारहरूमाथि अनावश्यक र बेमौसमको मानमर्दन कतैबाट पनि विवेकपूर्ण र राजनीतिक थिएन ।'

प्रधानमन्त्रीले उल्लेख गरेको दोस्रो कारणमा कांग्रेस प्रमुख सचेतक रमेश लेखकले लामै प्रतिवाद गरे । 'हामीले यो गठबन्धनलाई निरन्तरता दिन्छौं भनेकै थियौं । आगामी दिनका बारेमा छलफल गरिरहेका थियौं । निर्वाचनपूर्व गठबन्धन गर्ने कि नगर्ने विचारहरू थिए, निर्वाचनपछि गर्ने कि भनेर कांग्रेसले छलफल गर्न पाउँदैन ? अनि कांग्रेसको छलफलको कुराले आतंकित भएर गठबन्धन भत्काउनुपर्ने ?' उनले सोधे । लेखकले नयाँ गठबन्धनको प्रमुख दल एमालेको दस्ताबेजमा थुप्रै शब्द लेखिएको उल्लेख गर्दै यसलाई कसरी लिने भनेर प्रश्न तेर्स्याए । 'एमालेको दस्ताबेजमा पार्टी कब्जा गर्ने र विदेशी प्रतिक्रियावादीहरूको इच्छा पूर्ति गर्ने वचनबद्ध नाम हो, पुष्पकमल दाहाल प्रचण्ड भन्ने छ,' उनले भने, 'यसैगरी माओवादीको अवसरवादी, अविश्वसनीय र अस्थिर चरित्रसँग हामी अपरिचित छौं, गएका ६ वर्षमा हामीमाथि पटक-पटक धोका भएको छ पनि भनिएको छ । यसलाई कसरी लिनुहुन्छ ? पार्टीहरूले आफ्नो दस्ताबेजमा लेख्दा रहेछन् नि त ।' एमालेले 'पटक-पटक धोका' लेखेको, तर आफूहरूले 'अब धोका दिन कोही बाँकी छैन,' भन्ने अवस्था आएको उनको भनाइ थियो । 'यी जम्मै धोका पाएकाहरू एक दिन तपाईंका विरुद्ध एकैठाउँमा उभिए भने कहाँ पुग्नुहुन्छ ?' लेखकले सोधे, 'यो हेक्का राख्नुहोला ।'

हिन्दु राष्ट्रको अभियान

प्रधानमन्त्री प्रचण्डले नयाँ समीकरण बन्नुको तेस्रो कारणमा कांग्रेसभित्र चलेको हिन्दु राष्ट्रको अभियानलाई प्रस्तुत गरे । 'संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेको अनि समावेशी, धर्मनिरपेक्ष र समाजवादउन्मुख संविधान निर्माणको मुख्य साझेदार रहेको कांग्रेसको महासमिति बैठकमा स्टल नै राखेर जसरी धर्मका नाममा हस्ताक्षर अभियान चलाइयो, त्यसले कांग्रेसको संविधानप्रतिको प्रतिबद्धतामै आशंका जनाउन सक्ने जमिन तयार गऱ्यो,' प्रचण्डले भने ।

यसमा प्रतिवाद गर्दै कांग्रेस प्रमुख सचेतक लेखकले यो पार्टीको आधिकारिक धारणा नभएको दाबी गरे । 'कांग्रेस बहुलवाद मान्ने पार्टी हो, विचारहरू उठ्छन् । हिन्दु धर्म कांग्रेसको एजेन्डा होइन । महासमितिमा छलफल भएर पारित भएको पनि छैन,' उनले भने, 'कांग्रेसको संविधानप्रति इमानदार प्रतिबद्धता छ । कांग्रेसको आधिकारिक धारणा नबनेको विषयमा राजनीतिक घटना गराउनुभएको हो भने त्यो हाम्रो कमजोरी होइन ।'

जनयुद्धको विद्रुपीकरण

नयाँ समीकरणको कारण प्रस्तुत गर्ने क्रममा प्रधानमन्त्री प्रचण्डले कांग्रेस महासमितिमा जनयुद्धको विद्रुपीकरण गरिँदा अविश्वासको वातावरण बनेको बताए । 'महासमितिमा पेस गरिएको राजनीतिक प्रतिवेदनमा माओवादी जनयुद्धको न्यूनीकरण मात्र होइन, विद्रुपीकरण गरियो र ०४७ सालकै संविधान ठीक भएको आशयको प्रतिवेदन वितरण गरियो । यसरी हामीबीच हिजो मिलिसकेका सैद्धान्तिक र वैचारिक विषयमा समेत शंका र अविश्वासको वातावरण बन्यो,' प्रचण्डले भने ।

प्रधानमन्त्री प्रचण्डको यो तर्कमा कांग्रेसले विगत स्मरण गराएर प्रतिवाद गऱ्यो । 'जनयुद्ध शब्दको विषयमा पार्टीहरूले आफ्नो दस्ताबेजमा लेख्छ । तपाईंको पार्टीले हिजोका दिनमा कांग्रेसलाई प्रयोग गरेका शब्द फेरि एकपटक स्मरण गरिदिनुहुन्छ, शत्रु शक्ति भन्नुभएको होइन, दुस्मन भन्नुभएको छैन ?' प्रमुख सचेतक लेखकले प्रश्न गरे, 'तपाईंले यी शब्दभन्दा हामीलाई रिस उठेन, हामीले शान्ति प्रक्रिया अगाडि बढायौं, सशस्त्र द्वन्द्वलाई शान्तिमा रूपान्तरण गऱ्यौं, संसदीय व्यवस्थालाई विध्वंश गर्छौं भनेर तपाईंहरूले दस्ताबेजमा लेख्दै गर्दा यही संसद्‌ले पार लाउँछ भनेर यहाँ ल्याउन सहयोग गरेको होइन ? हामी तपाईंका दस्ताबेजबाट आत्तिएर, आतंकित भएर भाग्यौं ? त्यसैले यो जायज छैन ।'

मन्त्री फेरबदलमा असहयोग

कांग्रेससँग गठबन्धन तोड्नुमा प्रधानमन्त्री प्रचण्डले मन्त्री फेरबदलमा असहयोग गरेको विषय पनि जोडे । औसत उपलब्धिहरूको आत्मप्रशंसाको पिँजडामा आफू अटाउन नसकेर सरकारको कामको गति बढाउन खोजे पनि गठबन्धनका केही घटकबाट अपेक्षित साथ नपाएको उनको भनाइ थियो । आफू प्रधानमन्त्रीमा नाम लेखाउन वा सिंहदरबारमा अर्को कार्यकालको फोटो झुन्ड्याउन नआएको, कार्यक्षमता प्रमाणित नभए वा देशमा सकारात्मक परिवर्तन ल्याउन र आशा जगाउन नसके पद ओगटी नरहने घोषणा गरेको स्मरण गर्दै प्रचण्डले भने, 'म सरकारको गतिसँग असन्तुष्ट छु भनेर मैले पटक-पटक भनिरहेँ । मसँग दुई विकल्प थिए, औसत र तदर्थ सरकार चलाएर पदको रक्षा गरिरहने कि पदको जोखिम उठाएरै भए पनि आफ्नो राजनीतिक प्रतिबद्धताअनुसार राष्ट्रनिर्माणमा लाग्ने ? म दोस्रो विकल्प रोज्न बाध्य भएँ । साथीहरूले परिवर्तन, सुशासन र समृद्धिको तीव्र आकांक्षा बोकेको प्रधानमन्त्रीका रूपमा मलाई न्याय गर्नुभएन ।'

मन्त्री फेरबदलमा असहयोग गरेको विषयमा कांग्रेसले लामै जवाफ फर्काउँदै मन्त्रीलाई दोष लगाए आफू जिम्मेवारीबाट भाग्न नमिल्ने तर्क गऱ्यो । प्रमुख सचेतक लेखकले राम्रो काम गरिरहेका मन्त्री हटाउन नचाहेको पनि स्पष्ट पारे । 'अर्थतन्त्रको बारेमा राष्ट्रिय अन्तर्राष्ट्रिय कारणले संकुचन आएका वेला हाम्रो अर्थतन्त्र पनि त्यसले प्रभावित भयो, त्यसले भने जति कामहरू हुन सकेनन् होला, तर आर्थिक अनुशासन कायम गर्ने प्रयत्न त भएको हो नि । अहिले अर्थतन्त्र लयमा आएको त छ नि । अर्थतन्त्र लयमा आउनु, आर्थिक सूचक सुधार हुनु, आर्थिक अनुशासन कायम गर्नु अपराध हो ? त्यो कारणले कांग्रेस बाहिरिनुपर्ने ?' उनले प्रश्न गरे ।

राजनीतिक इमानमा सवाल-जवाफ

प्रधानमन्त्री प्रचण्ड र कांग्रेसबीच सदनमा राजनीतिक इमानलाई लिएर सवाल-जवाफ नै चल्यो । प्रतिनिधिसभा बैठक सुरु हुनुअघि कांग्रेस संसदीय दलले प्रधानमन्त्रीलाई राजनीतिक बेइमान भन्दै आलोचना गरेको थियो । यसमा असन्तुष्टि जनाउँदै सदनमा प्रचण्डले आफूसँग हुँदा इमान, अरूसँग जोडिँदा बेइमान भन्ने नहुने जवाफ फर्काएका थिए । 'यसलाई इमान र बेइमानको भन्दा पनि राजनीतिक प्रतिबद्धता र मुद्दाको आधारमा हेर्दा उचित होला । संसद्‌मा भएका कुनै पनि दलप्रति अविश्वास, आशंका र घृणा होइन राष्ट्रिय मुद्दामा मिलेरै अगाडि बढ्नुछ । तर, आफूसँग हुँदा इमान, अरूसँग हुनेबित्तिकै बेइमान भन्ने हुँदैन । यो राजनीतिक परिस्थिति, मुद्दामा निर्भर रहने कुरा हो । राजनीतिमा केही आशंका पैदा भएपछि यो अवस्था आएको हो,' प्रचण्डले भने ।

प्रचण्डको टिप्पणीमा कांग्रेस प्रमुख सचेतक लेखकले लामै प्रतिवाद गरे । गठबन्धनका दलहरूबीच भएको सहमति कांग्रेसले इमानदारी, प्रतिबद्धता, निष्ठा र मर्यादाका साथ पालन गरिरहँदा प्रधानमन्त्री प्रचण्डले गठबन्धनको मूल्यमान्यता तथा सहमति भत्काएर एकतर्फी रूपले अविश्वसनीय ढंगले गठबन्धन तोडेको आरोप लगाए । 'यो कांग्रेसप्रति विश्वासघात हो । संविधान, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाविरुद्ध कुठाराघात हो । गएको निर्वाचनमा जनतासामु प्रतिबद्धता गरेर गठबन्धन भत्काउने भनेको यो जनमतको पनि घोर अपमान हो,' लेखकले भने ।

कपोलकपित कथाहरू, तथाकथित कारण, सानातिना मुद्दाहरू उचालेर आफ्नो जिम्मेवारीबाट भाग्ने र अविश्वसनीय रूपमा गठबन्धन भत्काउने कदम राजनीतिक बेइमानी भएको र यसमा राजनीतिक इमान नदेखिएको उनको भनाइ थियो । 'विनाकारण, विनाऔचित्य, आपसमा छलफल गरेर समाधान हुन सक्ने विषयमा अतिरञ्जनापूर्ण बढाइचढाइ गरेर, एक दुई मन्त्रीको भागमा सबै आफ्ना कमजोरी फालेर उम्किने जुन प्रयत्न भयो, त्यो आफैंमा अर्को अशोभनीय कार्य भयो,' उनले भने, 'यसले देशलाई अन्योलता र अविश्वनीयतातर्फ धकेल्यो । मुलुक अस्थिरतातर्फ जाने खतरा बढ्यो ।'

८ बुँदे घोषणापत्रमा प्रश्न

कांग्रेसले नयाँ गठबन्धनको ८ बुँदे घोषणापत्रमा टेकेर प्रधानमन्त्रीलाई थुप्रै प्रश्नसमेत गऱ्यो । प्रमुख सचेतक लेखकले सुशासन, विकास, सामाजिक न्याय, संक्रमणकालीन न्याय, शान्ति प्रक्रिया, संघीय कार्यान्वयनसम्बन्धी कानुन निर्माण र प्रदेश सरकारको प्रभावकारिताका लागि नयाँ गठबन्धन बनेको भनेर प्रधानमन्त्रीकै हस्ताक्षरमा दस्ताबेज सार्वजनिक भएको उल्लेख गर्दै १५ महिनामा प्रचण्डले अरू के काम गरेको भनेर सोधे । 'यो ८ बुँदे घोषणापत्र प्रधानमन्त्री स्वयंको अकर्मण्यता, अक्षमता र अयोग्यताको प्रमाणपत्र होइन ?' उनले प्रश्न राखे, 'अब यति भनिसकेपछि फलानो मन्त्रीले काम गर्न दिएन, बजेटमा कन्जुस्याइँ गऱ्यो, फलानो पार्टीको दस्ताबेजमा फलानो कुरा लेखेको हुनाले मैले गठबन्धन छाडौं भन्ने ठाउँ छ ? गर्न नसकेको जिम्मा मन्त्रीले लिने हो ? मन्त्रिपरिषद् भनेको सामूहिक जिम्मेवारी होइन र ? प्रधानमन्त्री समग्र कामप्रति जिम्मेवारी हुनुपर्ने होइन र ? त्यसैले देशका नेताले अमुक मन्त्रीले काम गर्न दिएन, अमुक पार्टीको कार्यकर्ताले यसो भन्यो भनेर भाग्न पाइँदैन । तपाईं देशको मुखिया हो, अभिभावक हो, यो अलि मिलेन ।'

लेखकले यस्तै अवस्था रहे गठबन्धन फेरिरहने बताए । 'अहिले हेर्दा १५ महिनामा तीनवटा गठबन्धन बनेको छ । यही गतिमा प्रधानमन्त्री हिँड्नुभयो भने झन्डै १३ पटक गठबन्धन फेरिने रहेछ । ५ वर्षमा १३ पटक गठबन्धन फेर्ने, अनि आफूचाहिँ रहिरहने ?' उनले सोधे ।

अब गठबन्धन टुट्दैन : एमाले

प्रतिनिधिसभा बैठकमा बोलेका एमाले उपाध्यक्ष विष्णु पौडेलले नयाँ गठबन्धन चुनावसम्मै कायम रहने बताए । अहिलेको गठबन्धन कुनै स्वार्थको लेनदेनमा आधारित नभएको र विगतका अनुभवबाट शिक्षा लिएर पुनः सहयात्रा आरम्भ गरिएको उल्लेख गर्दै पौडेलले नयाँ सहयात्राले प्रतिनिधिसभाको यो कार्यकाल पूरा गर्ने दाबी गरे । 'यो कुनै स्वार्थको लेनदेनमा आधारित सहयात्रा होइन, कुनै अवसरका निम्ति गरिएको सहयात्रा होइन,' उनले भने, 'जनता र राष्ट्रका समस्यालाई केन्द्रमा राखेर गरिएको सहयात्रा हो । विगतका अनुभवबाट यथेष्ट शिक्षा लिएर आरम्भ गरिएको हो । अब गठबन्धन टुट्ने आशा नगरे हुन्छ ।'

नेपाल सरकार
स्वस्थ्य तथा जनसंख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा

बोलपत्र छनौटको आशयको सूचना

प्रकाशित मिति : २०८०/११/२५

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०८०/०९/२६ मा आदर्श राष्ट्रिय दैनिकमा निम्नानुसारका बोलपत्रको आव्हान सम्बन्धि सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागी छनौट गर्ने निर्णय भई आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.न.	ठेक्का नंवर / खरिदको विवरण	बोलपत्रदाताको नाम ठेगना	कबोल अक (भ्याट बाहेक)	कैफियत
1	PAHS/NCB/GOODS/ 2080-81/30 (Re) Procurement of Neuro and Plastic Microscope (Re)	श्री East West Concern Pvt. Ltd, Kathmandu	रु १,३२,५०,०००/- रु एक करोड बत्तिस लाख पचास हजार मात्र	बोलपत्रको छनौटको आशय

निर्देशक

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८०/११/२५

प्रस्तुत् विषयमा मिथिला नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८०-१०-०५ गते प्रकाशित सूचना अनुसार वडा नं. १ को वडा कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा आह्वान गरिएको बोलपत्र (MM/NCB/Works/02/080/81) सूचना अनुसार प्रस्ताव पेश गर्ने बोलपत्रदाताहरुको प्रस्ताव मूल्यांकन गरि यस न.पा.को मूल्यांकन समितिले तपसिल बमोजिमको बोलपत्र प्रस्ताव न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही रहेको भनि मूल्यांकन गरेकोले सो प्रस्तावलाई छनौट गरि स्वीकृत गर्नका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

क्र. स.	Contract No./ID	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम (मू.अ.कर र PS बाहेक)
1	MM/NCB/Works/ 02/080/81	Construction of ward No. 1 Office Building	S and R Construction, Janakpur-09, Dhanusha	22,73,180.00

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

सार्वजनिक निर्माण कार्यान्वयन इकाइ
गजुरी, धादिङ, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/११/२५

यस इकाइबाट मिति २०८०/१०/१७ गते प्रकाशित सूचना अनुसार मिति २०८०/११/१८ गते खोलिएको बोलपत्रको प्राविधिक प्रस्तावमा उल्लेखित बोलपत्रदाताहरू प्राविधिक मूल्याङ्कनमा सफल भई सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आर्थिक प्रस्ताव खोलिने मिति : २०८०/१२/०२
समय : दिनको १:०० बजे
स्थान : सार्वजनिक निर्माण कार्यान्वयन इकाइ, गजुरी, धादिङ (From PPMO Web portal)

क्र.सं	बोलपत्र नं.	सफल भएका बोलपत्रदाताको नाम
1	Construction of Office Building of Education Development Directorate, Hetauda-8, Makwanpur PCIUGAJURI/NCB/ 35/080-81	1. Shaksham Nirman Sewa, Godabari-5, Lalitpur 2. Siddhi Binayak Construction, Hetauda-17, Makwanpur 3. Upama Nirman Sewa, Kathmandu-35, Koteshwor 4. Shree Om- Archana- Sushim Jv, Ranighat, Birgunj 5. Shreeganesh Construction, Gadhi-4, Makwanpur 6. Gautam- Siddhi Bahan Jv, Bharatpur-3, Chitwan 7. Barsha Nirman sewa Pvt. Ltd., Dadhikot-11, Bhaktapur

---

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
हेटौडा, नेपाल ।

सहकारी संस्थाका ऋणी सदस्यहरुले लिएको ऋण रकम चुक्ता गर्ने बारेको सूचना ।

सूचना प्रकाशित मितिः २०८०।११।२५

सहकारी संस्थाबाट सदस्यहरुको बचत रकम नै कर्जाको रुपमा प्रवाह हुने र ऋणी सदस्यहरुले समयमा नै आफूले भुक्तान गर्नुपर्ने सावाँ तथा ब्याज विभिन्न बहानाबाजी एवं केही पक्षको सहकारी संस्थाको ऋण तिर्नु नपर्ने भन्ने जस्ता भ्रामक र गैरजिम्मेवारीपूर्ण अभिव्याक्तिको आधारमा ऋण चुक्ता नगर्ने परिपाटीले सदस्यहरुको बचत फिर्ता गर्न असहज परिस्थिति सृजना भएको भन्ने गुनासो प्राप्त भएको छ । सहकारी संस्थाहरुबाट ऋण लिएका ऋणीहरुले तोकिएको समय भित्र ऋणको सावाँ तथा ब्याज चुक्ता नगर्दा सदस्यहरुको बचत फिर्ता गर्न नसकेको समेत पाईएको छ । तसर्थ ऋणी सदस्यले समयमा नै ऋण भुक्तान नगरे सहकारी संस्थाको ऋण असुली सम्बन्धमा बागमती प्रदेश सहकारी ऐन २०७६, को दफा ६५ र ६६ बमोजिम ऋणी सदस्यहरुको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सकिने व्यवस्था समेत रहेको हुँदा प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवं मापदण्डको वर्खिलाप नहुने गरी जुन सम्झौता वा सर्त बमोजिम ऋण लिएको हो सोहि बमोजिम ऋणको सावाँ र ब्याज सम्बन्धित सहकारी संस्थामा समयमा नै भुक्तान गरी सहकारीमा देखिएको समस्या समाधान गर्न सहयोग गरीदिनुहुन सम्पूर्ण ऋणी सदस्यहरुमा अनुरोध गरिन्छ ।

पद्मावती बचत तथा ऋण सहकारी संस्था लि.
न:बहाल, ललितपुर
फोन नं : ०१-५४०५०५२/५४०५१२६

कर्जा चुक्ता गर्ने बारे ३५ दिने जरूरी सूचना

प्रथम प्रकाशित मिति : २०८०/११/२५

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्था, न:बहाल, ललितपुरबाट लिएको कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दस्तुर रकम समेत तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत नतिरी ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र ऋणसँग सम्बन्धित व्यक्तिहरुले सहकारी संस्थामा सम्पर्क राखि यस सहकारी संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता गर्न हुन सूचित गरिन्छ । अन्यथा प्रचलित कानून बमोजिम कर्जा लिदा यस सहकारी संस्थालाई लेखि लेखाई दिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गरी आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ, कथमकदाचित उक्त धितोले कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानी दिने व्यक्तिहरुको चलअचल सम्पत्तिबाट समेत असुल उपर नभएमा ऋणीको एकाघर सगोल परिवारको नाममा रहेको अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन, नियमावली संस्थाको विनियम तथा प्रचलित कानून बमोजिम असुल उपर गरि लिनुका साथै ऋणी तथा जमानीलाई समेत कालो सूचीमा राख्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा ऋणी, जमानीकर्ता र धितो दिने व्यक्ति सबैलाई जानकारी गराइन्छ ।

तपशिल

ऋणीको विवरण	धितोको विवरण
खेम राज शाक्य, सदस्य नं ३ न:बहाल, ललितपुर बाबुको नाम : भाजु रत्न शाक्य बाजेको नाम : चन्द्रमान शाक्य	श्री मालपोत कार्यालय, ललितपुरमा खेमराज शाक्यको नाममा दर्ता कायम रहेको ल.पु.म.न.पा वडा न २० स्थित कित्ता नं ५०६को क्षेत्रफल ०-०-३-१ १/२ को घर/ जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत

सतर्कता केन्द्रले अनुचित कार्यसमेत हेर्ने गरी नयाँ कानुन बन्दै

नयाँ कानुनको मस्यौदा प्रधानमन्त्री कार्यालयमा पठाउने तयारी, ऐन बनेपछि सतर्कताले भ्रष्टाचार हुनुअघिका गतिविधिको निगरानी, अनुगमन र कारबाहीको काम गर्न सक्ने

सुवास भट्ट/नयाँ पत्रिका

सतर्कता केन्द्रले अनुचित कार्यसमेत हेर्ने गरी नयाँ कानुन बन्दै छ। नेपाल कानुन आयोगले यससम्बन्धी विधेयक तयार गरी प्रधानमन्त्री कार्यालयमा पठाउने तयारी गरेको छ। विधेयकको प्रस्तावअनुसार कानुन बने सतर्कताले अनुचित कार्यसहित भ्रष्टाचार हुनुअघिका गतिविधिको निगरानी, अनुगमन र कारबाहीको काम पनि गर्नेछ।

यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुचित कार्य हेर्दै आएको थियो। तर, नयाँ संविधानले अख्तियारबाट त्यो अधिकार खोसेको थियो। ०७२ देखि गुमेको अनुचित कार्य हेर्ने अधिकार पुनः पाउनुपर्ने माग अख्तियारले गर्दै आएको थियो।

५ वैशाख ०८० मा बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा राष्ट्रिय सतर्कता केन्द्र सञ्चालनसम्बन्धी विधेयक तर्जुमा गर्नेसम्बन्धी अवधारणापत्रउपर सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको थियो। त्यसैबमोजिम कार्यालयले विधेयक तयार गर्न आयोगलाई जिम्मेवारी दिएको थियो। आयोगले हालै उक्त विधेयक ठुंग्याएको छ। अब विधेयक प्रधानमन्त्री कार्यालयमा पठाउने तयारी आयोगको छ। विधेयकले केन्द्रलाई स्वायत्त अधिकार दिने व्यवस्था गरेको छ। हाल प्रधानमन्त्री कार्यालयमातहत रहेको केन्द्रमा कार्यालयको सीधा हस्तक्षेप छ भने काममा पनि प्रभावकारिता देखिन सकेको छैन।

सार्वजनिक पदाधिकारीले आफ्नो अधिकारको प्रयोग र जिम्मेवारी निर्वाह गर्दा अनुचित कार्य हुन नदिनका लागि सोसम्बन्धी आवश्यक सूचना संकलन, उजुरी छानबिन, निगरानी एवं अनुगमन गर्न र आयोजनाको विकास-निर्माण कार्यको प्राविधिक परीक्षण गरी गुणस्तर कायम गर्न राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न विधेयक आवश्यक भएको प्रस्तावनामा उल्लेख छ।

■ अनुचित कार्यको सूचना संकलन गरिने

सार्वजनिक पदाधिकारीले सार्वजनिक निकायको कार्य सम्पादन गर्दा अनुचित कार्य गरेको सम्बन्धमा सतर्कता केन्द्रले विभिन्न माध्यमबाट सूचना संकलन गर्न सक्ने विधेयकमा व्यवस्था गरिएको छ। कसैले दिएको लिखित वा मौखिक उजुरी, पत्रपत्रिका, लेख, रचना वा कुनै निकाय वा संस्थाबाट प्रकाशित प्रतिवेदनमा समाविष्ट विवरण, सूचना, स्थलगत निरीक्षण, निगरानी, आकस्मिक जाँच, अनुगमनबाट प्राप्त सूचना वा अध्ययनसम्बन्धी प्रतिवेदनमा समाविष्ट विवरण, सूचना, विद्युतीय सञ्चारमाध्यमबाट प्रकाशित वा प्रसारित समाचार, सूचना र सार्वजनिक निकायबाट सम्पादित शोध, अध्ययन र अनुसन्धानसम्बन्धी प्रतिवेदनका आधारमा सूचना संकलन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

सार्वजनिक पदाधिकारीले अनुचित कार्य गरेको उजुरी वा सूचना टेलिफोन, विद्युतीय वा मौखिक रूपमा दिन सकिने भनिएको छ। उजुरीउपर केन्द्रले कागजात माग्ने, सम्बन्धित पदाधिकारीसँग सोधपुछ गर्ने, आवश्यकताअनुसार स्थलगत निरीक्षण, आकस्मिक जाँच वा निगरानी गर्ने व्यवस्था विधेयकमा गरिएको छ। केन्द्रले छानबिनका क्रममा उजुरीको विषय आफ्नो क्षेत्राधिकारभित्र नपर्ने अवस्थामा सम्बन्धित निकायमा लेखी पठाउन पनि सक्नेछ।



■ के हो अनुचित कार्य ?

सार्वजनिक पदाधिकारीले प्रचलित कानुनबमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गरी सार्वजनिक सेवा प्रदान गर्दा अनुचित कार्य गर्नु वा गराउन नहुने व्यवस्था विधेयकमा छ। सार्वजनिक पदाधिकारीले जानीजानी वा लापरबाहीपूर्वक गरे गराएका कार्यलाई अनुचित कार्य मानिएको छ। अनुचित कार्यभित्र आफ्नो अधिकार वा जिम्मेवारीभित्रको कार्य गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कार्य गरेको, कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रूपले अपनाउनुपर्ने कार्यविधि अवलम्बन नगरेको वा उल्लंघन गरेको वा कानुनको पालना नगरेको, आफूलाई प्राप्त अधिकार प्रचलित नेपाल कानुन वा माथिल्लो निकाय वा पदाधिकारीको निर्णय वा लिखित आदेशविपरीत अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेकोलगायतलाई अनुचित कार्य मानिएको छ।

त्यस्तै, आफ्नो तजबिजी अधिकार बदनियत साथ वा स्वेच्छाचारी रूपमा प्रयोग गरेको, अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा बाधा वा हस्तक्षेप गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाब दिई कुनै अनधिकृत कार्य गराएको वा गर्न लगाएको, आफूले गर्नुपर्ने कुनै कार्यसम्पादन नगरी अन्य कार्यालय वा पदाधिकारीसमक्ष पठाई आफ्नो दायित्व र जिम्मेवारी पन्छाएको, आफ्नो पदको प्रकृतिअनुसार पालन गर्नुपर्ने कुनै पदीय कर्तव्य पालन नगरेकोलगायतलाई पनि अनुचित कार्यमा समेटिएको छ।

यसैगरी, आफ्नो मातहत वा प्रभावमा रहेको कर्मचारी वा व्यक्तिलाई अनुचित दबाब वा प्रलोभन दिई आफ्नो हितअनुकूलको कार्य गराएको, पदीय हैसियतले आफूलाई प्राप्त उन्मुक्ति, सुविधा वा सहुलियतको दुरुपयोग गरेको, प्रचलित नेपाल कानुनले तोकेको समयभित्र निर्णय नगरेको वा अनावश्यक रूपमा ढिलासुस्ती गरेको वा सेवा दिन इन्कार गरेको, सेवा प्रवाह गर्दा सेवाग्राहीलाई कुनै किसिमले विभेद वा भेदभाव गरेको र आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा अनियमितता गरेको विषयलाई विधेयकले अनुचित कार्य भनेको छ।

■ अनुचित कार्य हुन लागे सतर्क गराउनेदेखि कारबाहीका लागि लेखी पठाउनेसम्मका अधिकार

छानबिन गर्दा कैफियत देखिए सतर्कता केन्द्रले सम्बन्धित सार्वजनिक निकायको प्रमुख र त्यस्तो कार्यमा संलग्न पदाधिकारीलाई सतर्क गराउन वा त्यस्तो कार्य नगर्न वा नगराउन आवश्यक निर्देशन दिन सक्ने व्यवस्था विधेयकमा छ। छानबिनबाट कुनै किसिमको अनियमितता हुन लागेको, नियमित रूपमा कार्य नभएको, सेवाग्राहीलाई दिनुपर्ने सेवा नदिएको, सेवा दिँदा लापरबाही वा ढिलासुस्ती गरेको, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कार्यमा हेलचेक्र्याइँ वा लापरबाही वा दुरुपयोग गरेको र आर्थिक अनियमितता वा भ्रष्टाचारसम्बन्धी कार्य हुन लागेको भेटिएमा केन्द्रले सम्बन्धित सार्वजनिक निकायका प्रमुख र त्यस्तो कार्यमा संलग्न पदाधिकारीलाई सतर्क गराउन वा त्यस्तो कार्य नगर्न वा नगराउन आवश्यक निर्देशन दिन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

छानबिनबाट अनुचित कार्य गरेको पुष्टि हुन आएमा सम्बन्धित पदाधिकारीले प्रचलित कानुनबमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै, छानबिनबाट सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको वा भ्रष्टाचारसम्बन्धी कार्य भएको आशंका भएमा छानबिनको व्यहोरासहितको प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउनुपर्ने पनि विधेयकमा उल्लेख छ।

सतर्क गराएको वा दिएको निर्देशन पालना नगर्ने सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा संलग्न पदाधिकारीलाई केन्द्रले विभागीय सजाय गर्न अख्तियारवालासमक्ष लेखी पठाउनुपर्ने र यसरी पठाउँदा सार्वजनिक पदाधिकारीलाई विभागीय सजाय गर्ने व्यवस्था नभएको अवस्थामा निजलाई अन्य आवश्यक कारबाही गर्न अख्तियारवालासमक्ष लेखी पठाउनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ। अन्य कारबाहीको परिभाषामा सार्वजनिक पदाधिकारीको नियुक्तिपत्र वा कार्यसम्पादन सम्झौतामा उल्लेख भएबमोजिम वा कार्यरत निकायसँग सम्बन्धित कानुनबमोजिम सचेत गराउने, सेवा-सुविधा कटौती गर्ने वा पदबाट हटाउनेसम्मको कारबाहीलाई समेटिएको छ।

विभागीय सजायका लागि लेखी आएको अवस्थामा अख्तियारवालाले तीन महिनाभित्र प्रचलित कानुनबमोजिम सजाय गरी सोको जानकारी सतर्कता केन्द्रलाई दिनुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै, उजुरीको छानबिन गर्दा सार्वजनिक निकायको सेवाप्रवाहसम्बन्धी प्रक्रियामा समयानुकूल सुधार र परिमार्जन गर्नुपर्ने देखिएमा सम्बन्धित निकायको प्रमुख र तालुक निकायलाई आवश्यक सुझाव दिन सक्ने व्यवस्था विधेयकमा गरिएको छ।

■ भ्रष्टाचारविरुद्धको महासन्धि कार्यान्वयनको केन्द्रीय निकायका रूपमा सतर्कता केन्द्र रहने

विधेयकले भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयनको केन्द्रीय निकाय (फोकल एजेन्सी)का रूपमा केन्द्रले काम गर्ने व्यवस्था गरेको छ। महासन्धि कार्यान्वयनका लागि केन्द्रीय निकाय तोकिएको व्यवस्थाको प्रस्ताव पहिलोपटक गरिएको हो। विधेयकले सतर्कता केन्द्रलाई नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय भ्रष्टाचारविरुद्धको महासन्धि- २००३ को कार्यान्वयनका लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायबीच समन्वय र सहकार्य गर्न केन्द्रीय निकायका रूपमा काम गर्ने अधिकार दिने व्यवस्था गरेको छ। उक्त महासन्धि नेपालले २०११ मा पारित गरेको थियो। त्यसयता २०१६ र २०२१ मा गरेर दुईपटक महासन्धि रिभ्यु भइसकेको छ। महासन्धिले केन्द्रलाई शक्तिशाली बनाउन भन्दै आएको छ।

विधेयकले राजनीतिक र उच्चपदस्थले विदेशमा खोलेका बैंक खाताको अनुगमन गर्ने र त्यो अस्वाभाविक देखिए छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पठाउन सक्ने व्यवस्था गरेको छ। हालसम्म यस्तो संयन्त्र छैन। नेपाली नागरिकलाई विदेशमा खाता खोल्न र पैसा राख्न कानुनले निषेध गरेको छ।

■ आमउपयोगी सेवाको अनुगमन पनि केन्द्रले गर्ने

नेपालको कानुनबमोजिम आमउपयोगी सेवा उपलब्ध गराउन अनुमति वा स्वीकृति प्राप्त निजी संस्थाले उद्देश्यअनुरूप कार्य गरे वा नगरेको सम्बन्धमा केन्द्रले आवश्यक निरीक्षण र अनुगमन गर्ने अधिकार पनि विधेयकले केन्द्रलाई दिएको छ। आमउपयोगी सेवाअन्तर्गत खानेपानी, फोहोरमैला व्यवस्थापन, ग्यास, विद्युत्, टेलिफोन, इन्टरनेट, टेलिभिजन फ्रिक्वेन्सीलगायत दैनिक उपभोग्य सेवालाई समेटिएको छ। त्यस्तै, निजी संस्थाअन्तर्गत आमउपयोगी सेवा उपलब्ध गराउन प्रचलित कानुनबमोजिम दर्ता भएको कम्पनी, फर्म, एजेन्सी, संघसंगठन तथा गुठी छन्।

संक्षेप

बालिकालाई सामूहिक बलात्कार गरेको आरोपमा ६ जना पक्राउ

काठमाडौं/ १५ वर्षीया बालिकालाई बलात्कार गरेको अभियोगमा प्रहरीले ६ जनालाई पक्राउ गरेको छ। एकैजना पीडित रहेको तीनवटा छुट्टाछुट्टै घटनामा प्रहरीले उनीहरूलाई काठमाडौंबाट पक्राउ गरेको हो। एकपटक तीनजनाले र एकपटक दुईजनाले सामूहिक बलात्कार गरेको पीडितको जाहेरी छ। गत २४ माघमा विशालनगरमा सामूहिक बलात्कार गरेको अभियोगमा बाजुराका अंगराज बोहरा, तेजबहादुर दानी र जनक बोहरा पक्राउ परेका हुन्। बोहराको कोठामा आफूलाई मदिरा पिलाएर उनीहरूले पटक-पटक बलात्कार गरेको पीडितको उजुरी छ। जनक बोहराले तीनपटक, तेजराज दानीले दुईपटक र अंगराज बोहराले एकपटक सम्बन्ध राखेको उनीहरूको बयानमै उल्लेख छ। तिनै बालिकामाथि गत २१ माघमा मूलपानीस्थित लभ टु लभ होटेल एन्ड लजमा सामूहिक बलात्कार गरेको अभियोगमा अर्को मुद्दा दायर भएको छ।

चिनियाँलाई नागरिकता दिलाएको आरोपमा अधिकृत पक्राउ

मकवानपुर/ चिनियाँ नागरिकलाई नेपाली नागरिकता दिलाएको आरोपमा बागमती प्रदेश सभा सचिवालयमा कार्यरत एक अधिकृत पक्राउ परेका छन्। हेटौंडास्थित बागमती प्रदेश सभा सचिवालयमा अधिकृत छैटौं तहमा कार्यरत रामचन्द्र अर्यललाई प्रहरीले पक्राउ गरेको हो। अर्याललेसुन तस्करीमा संलग्न रहेको आरोपमा पक्राउ परेका तिब्बती मूलका बेल्जियन नागरिक दावा छिरिङ र चिनियाँ नागरिक दावाजिन वाङ्लाई वंशजका आधारमा नागरिकता दिलाएको आरोप छ। जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा नासु हुँदा २० पुस ०७४ मा छिरिङ र वाङ्लाई नागरिकता दिलाउन उनले सहयोग गरेको आरोप छ। अर्यालसहितका कर्मचारीमार्फत काभ्रे प्रशासनले सुन तस्करीमा संलग्नलाई नागरिकता दिलाएको प्रहरी अनुसन्धानबाट खुलेको मकवानपुरका प्रहरी प्रमुख सीताराम रिजालले जानकारी दिए।

बस दुर्घटनामा ज्यान गुमाउनेको संख्या १० पुग्यो

धादिङ/ धादिङको गजुरी गाउँपालिका- ५ घाटबेंसीमा बुधबार भएको यात्रुबस दुर्घटनामा मृत्यु हुनेको संख्या १० पुगेको छ। दुर्घटनास्थलबाटै सातजनाको शव निकालेको प्रहरीले बिहीबार दिउँसो थप तीनजनाको शव फेला पारेको हो। दुर्घटनालगत्तै एक महिलासहित सातजनाको शव भेटिए पनि गोताखोरको टोलीले खोजी गर्ने क्रममा बिहीबार तीनजनाको शव फेला पारेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए। बुधबार एकाबिहानै त्रिशूली नदीमा बस खस्दा हराइरहेका स्याङ्जाको वालिङ नगरपालिका- ९ का विराज गैह्रे, रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका- १२ का नर्मदा सुवेदी र बुटवल उपमहानगरपालिका-६ का प्रकाश पाठकको शव बिहीबार फेला परेको हो। प्रहरी नायब उपरीक्षक जैसवारका अनुसार गैह्रेको शव दुर्घटनास्थलभन्दा करिब दुई सय मिटर तल, सुवेदीको शव दुर्घटनास्थलबाट करिब एक किलोमिटर तल र पाठकको शव दुर्घटनास्थलभन्दा करिब दुई किलोमिटर तल त्रिशूली नदी किनारमा भेटिएको उनले जानकारी दिए। जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक रवीन्द्रकुमार श्रेष्ठका अनुसार अझै दुईजना हराइरहेका छन्। रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका- १२ का विनोद लोद र झापाको कन्काई नगरपालिका- ९ का २२ वर्षीय आभाष भन्ने अर्जुन सिंह बेपत्ता छन्। नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गोताखोर टोलीले खोजीकार्य जारी राखेको छ।

सुदूरपश्चिम सरकार अल्पमतमा

धनगढी/ माओवादी र एकीकृत समाजवादी सरकारबाट बाहिरिएपछि सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह अल्पमतमा परेका छन्। समाजवादीले सरकारलाई दिएको समर्थन बिहीबार फिर्ता लिएको हो भने माओवादीले बुधबार नै फिर्ता लिएको थियो। एकीकृत समाजवादी केन्द्रीय गठबन्धनमा सहभागी भएपछि मुख्यमन्त्री शाहले उक्त दलबाट आर्थिक मामिलामन्त्री बनेका नरेशकुमार शाहीलाई बिहीबार बिहान पदमुक्त गरेका थिए। यसअघि मंगलबार माओवादीका दुई मन्त्री र एक राज्यमन्त्रीलाई पनि मुख्यमन्त्रीले पदमुक्त गरेका थिए। कांग्रेस नेतृत्वको सरकारमा अब नागरिक उन्मुक्ति मात्र साझेदार छ। अल्पमतमा परेका मुख्यमन्त्रीलाई उनको पार्टी कांग्रेसका १८ र नागरिक उन्मुक्ति पार्टीका सात गरी २५ सांसदको मात्र समर्थन छ।

अवैध उत्खनन गर्ने सवारीसाधन नियन्त्रणमा

लहान/ सिराहाको नरहा गाउँपालिका-३ चोहर्वामा सार्वजनिक जग्गाबाट अवैध रूपले ढुंगा, गिटी, ग्राभेल उत्खनन गरिरहेको अवस्थामा वन कर्मचारीको टोलीले जेसिबी एक्स्काभेटर र टिपर नियन्त्रणमा लिएको छ। चोहर्वास्थित सबडिभिजन वन कार्यालयको गस्ती टोलीले सैनिक क्याम्पपछाडिको चुरे वन क्षेत्रबाट बा.५प १८६७ नम्बरको टिपर र एक्साभेटर नियन्त्रणमा लिएको हो। उत्खननमा प्रयोग भइरहेको टिपर र जेसिबी नियन्त्रणमा लिएको डिभिजन वन प्रमुख सुजितकुमार झाले जानकारी दिए। उनका अनुसार वन कर्मचारीको टोली देखेपछि जंगल क्षेत्रमा फरार भएका दुवै चालकको खोजी भइरहेको छ। टिपर र जेसिबीचालक फरार भए पनि उत्खननमा प्रयोग भएका साधन स्थानीय ग्राभेल व्यवसायी रामबाबु यादवको भएको पत्ता लागेको छ।

शिवरात्रिको सुरक्षा निगरानी ड्रोनमार्फत, चार हजार सुरक्षाकर्मी परिचालन

काठमाडौं/ शिवरात्रि पर्व मनाउन आएकाहरूको सुरक्षा निगरानी ड्रोन क्यामेराबाट गरिने भएको छ। शिवरात्रिभर निरन्तर ड्रोनबाट निगरानी हुने र सादा पोसाकका प्रहरी विशेष रूपमा सञ्चालन गर्ने जनाइएको छ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका अनुसार ड्रोन, सञ्चार अप्रेटर र फोटोग्राफरका लागि मात्रै चार सय ३९ सुरक्षाकर्मी परिचालित हुनेछन्। त्यसबाहेक सिसिक्यामेरा, बडी वर्न क्यामेरालगायत प्रविधिबाट प्रहरीले निगरानी गर्नेछ। मेला सुरक्षामा कर्डन, पिकेट, मोबाइल गस्ती, पैदल गस्ती स्टाइकिङमा प्रहरीको बाक्लो उपस्थिति रहनेछ। यसका लागि मात्रै तीन हजार सुरक्षाकर्मी परिचालित हुनेछन्। उनीहरूलाई तीन सिफ्टमा परिचालन गरिने काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता एसएसपी दिनेशराज मैनालीले जानकारी दिए। उनले भने, 'मेला सुरक्षाका लागि तीन सिफ्टमा सुरक्षाकर्मी खटिनेछन्। यसका लागि जिल्ला प्रहरी परिसर, ट्राफिक प्रहरीदेखि अपराध अनुसन्धान कार्यालयका सुरक्षाकर्मी परिचालन हुनेछन्।'

कार्यालयका अनुसार पहिलो, दोस्रो र तेस्रो सिफ्टमा एक हजार २४ का दरले सुरक्षाकर्मी परिचालित हुनेछन्। सुरक्षामा महिला प्रहरी नौ सय १५ र पुरुष प्रहरी दुई हजार एक सय ५७ जना रहनेछन्। त्यसबाहेक यातायातका साधानलाई व्यवस्थित गर्न पाँच सय ८३ सुरक्षाकर्मी खटिनेछन्। मेला सुरक्षा गर्ने उद्देश्यले सबै गरी चार हजार ९४ सुरक्षाकर्मी परिचालन हुने कार्यालयका प्रवक्ता एसएसपी मैनालीले जानकारी दिए। उनले भने, 'शिवरात्रिका लागि सुरक्षाकर्मी परिचालन भइसकेका छन्। प्रहरीले यसका लागि सबै उपाय अवलम्बन गरेको छ। ड्रोनदेखि सिसिक्यामेरासम्मका प्रविधि सुरक्षा निगरानीमा परिचालन गरिएका छन्। सबै गरी चार हजार ९४ सुरक्षाकर्मी परिचालन भएका छन्।'

अधिकांश नवनियुक्त मन्त्री क्वार्टर सरे

शिवहरि घिमिरे/नयाँ पत्रिका

सत्तासमीकरण परिवर्तनसँगै निवर्तमान अधिकांश मन्त्रीहरूले पुल्चोकस्थित सरकारी क्वार्टर छाडेका छन्। क्वार्टर खाली भएपछि नवनियुक्त मन्त्रीहरू क्वार्टर प्रवेश गर्ने क्रम सुरु भएको छ।

नवनियुक्त कानुनमन्त्री पदम गिरी र पर्यटनमन्त्री हितबहादुर तामाङ बुधबारै क्वार्टर सरे। अर्थमन्त्री वर्षमान पुन, श्रममन्त्री डिपी अर्याल, रक्षामन्त्री हरिप्रसाद उप्रती, उद्योगमन्त्री दामोदर भण्डारी, भूमि व्यवस्थामन्त्री बलराम अधिकारी, सामान्य प्रशासनमन्त्री भानुभक्त जोशी, महिला, बालबालिकामन्त्री भगवती चौधरी, भौतिकमन्त्री रघवीर महासेठलगायत मन्त्रीहरू बिहीबार क्वार्टर सरेका छन्। युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र शिक्षामन्त्री सुमना श्रेष्ठ शुक्रबार सर्ने बताइएको छ। सञ्चारमन्त्री रेखा शर्मा, ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत र परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ पुनः मन्त्री बनेकाले उनीहरूको क्वार्टर यथावत् छ।

निवर्तमान मन्त्रीहरू धनराज गुरुङ, सुदन किराँती, मोहनबहादुर बस्नेत, रमेश रिजाल, अनिता साह, डिगप्रसाद लिम्बू, वीरेन्द्रप्रसाद महतो र बेदुराम भुसालले क्वार्टर छाडिसकेका छन्। बिहीबार शिक्षामन्त्री अशोककुमार राई, शिक्षाराज्यमन्त्री प्रमिलाकुमारी यादव, महिला तथा बालबालिकामन्त्री सुरेन्द्रराज आचार्य, भौतिकमन्त्री प्रकाश ज्वाला, भूमिसुधारमन्त्री रञ्जिता श्रेष्ठले पनि क्वार्टर छाडेका छन्। तर, दुई निवर्तमान मन्त्रीले भने बिहीबार अबेरसम्म पनि क्वार्टर छाडेका छैनन्। निवर्तमान सहरी विकासमन्त्री सीता गुरुङ र खानेपानीमन्त्री महिन्द्र राय यादवले क्वार्टर नछाडेका हुन्। उनीहरूले क्वार्टर नछाडेपछि नवनियुक्त खानेपानी र सहरी विकासमन्त्रीहरू क्वार्टर सर्न पाएका छैनन्। गुरुङले मंगलबार नै आफू मण्डिखाटारस्थित घरमा फर्किएको दाबी गरिन्।

भैंसेपाटीको मन्त्री क्वार्टर निर्माण सकिएन, थपियो म्याद

मन्त्री तथा राष्ट्रिय सभाका पदाधिकारीहरूका लागि भैंसेपाटीमा बन्दै गरेको मन्त्री क्वार्टर तयार हुन अझै चार महिना लाग्ने भएको छ। यसअघिको ठेक्काअनुसार ठेकेदार कम्पनीले फागुनसम्म काम सकाउनुपर्ने हो। तर, काम बाँकी नै रहेकाले म्याद थप गरिएको विशेष भवन निर्माण आयोजना प्रमुख मचाकाजी महर्जनले जानकारी दिए। उनका अनुसार नयाँ मन्त्री क्वार्टरमा मुख्य काम सकिए पनि केही काम अझै बाँकी छ। 'मुख्यतः अब फर्निचरको काम बाँकी छ, क्वार्टर तथा मन्त्रीको सुरक्षाकर्मी बस्ने ब्यारेक भवन निर्माण भइरहेको छ, बिजुलीबत्ती, जेनेरेटर ट्रान्सफर्मर जडानको काम पनि चलिरहेको छ,' उनले भने, 'त्यहाँ स्विमिङ पुल र फाउन्टेन, ढल व्यवस्थापनको काम बाँकी छ, असारसम्म यो काम सकिन्छ।' सरकारले २४ मन्त्रालयका मन्त्री र राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, उपसभामुखका लागि भैंसेपाटीमा क्वार्टर निर्माण गरेको हो।



आठ मार्च र नेपाली महिला

हाम्रो समाजका जन्मदेखि मृत्युसम्मका धेरैजसो धार्मिक, सामाजिक तथा सांस्कृतिक संस्कारमा महिलामाथि गरिने विभेद कहालीलाग्दा छन्



● डा. राधिका बुद्थापा

अग्रलेख

महिला दिवस अंग्रेजी महिनाको मार्च आठका दिन विश्वका अधिकांश देशमा मनाइन्छ । यो दिवसको इतिहासबारे छोटो जानकारी लिन विगतको पृष्ठभूमिलाई केही केलाउनुपर्ने हुन्छ । संयुक्त राज्य अमेरिकाको न्युयोर्क सहरको एउटा कपडा मिलमा सन् १८५७ मार्च आठका दिन, त्यहाँ कार्यरत महिलाले पुरुषसरहको काम गरेको अवस्थामा पुरुषसरह नै ज्याला पाउनुपर्छ भन्ने माग राखेर पहिलोपटक संगठित रूपमा आन्दोलन गरेका थिए । सोही मिलमा सन् १८६० को मार्च आठमा यिनै महिलाले राष्ट्रियस्तरको पहिलो सम्मेलन सम्पन्न गरे । यता फ्रान्समा सन् १८८९ मार्च आठकै दिन भव्य रूपमा पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजना भयो भने उता अमेरिकाको सिकागो सहरमा सन् १८९७ मार्च आठकै दिन महिला अधिकारका पक्षमा विशाल जुलुस, आमसभा र ठुल्ठूला हडताल भए । दश घन्टाभन्दा बढी काम गर्नुपर्ने बाध्यताको विरोध, पुरुषसरह महिलाले पनि ज्याला पाउनुपर्ने, मातृशिशुको अधिकार, मजदुर युनियनमा महिलाको पनि मताधिकार हुनुपर्ने आदि सो आन्दोलनका मुख्य माग थिए ।

संयुक्त राज्य अमेरिकाको न्युयोर्क सहरमा त्यहाँको तत्कालीन समाजवादी पार्टीले सन् १९०९ को फेब्रुअरी महिनाको २८ तारिखका दिन र सन् १९१० मा सम्पन्न अन्तर्राष्ट्रिय समाजवादी महिला सम्मेलनले महिलालाई पुरुषसरहको अधिकार हुनुपर्ने मागसहित दिएको सुझावअनुसार प्रत्येक वर्ष मार्च आठका दिन महिला दिवस मनाउन थालिएको देखिन्छ । अन्तर्राष्ट्रिय रूपमा महिलाले सशक्त रूपमा उठाउँदै आएका आन्दोलनलाई निरन्तरता दिन सन् १९१० मा डेनमार्कको कोपनहेगनमा अन्तर्राष्ट्रियस्तरको एउटा महिला दिवस मनाउने प्रस्ताव भयो । यसैको फलस्वरूप सन् १९११ को उन्नाइस मार्चका दिन प्रथमपटक अस्ट्रिया, डेनमार्क, जर्मनी र स्विट्जरल्यान्डजस्ता देशमा लाखौँ महिलाको सहभागितामा प्रथम अन्तर्राष्ट्रिय महिला दिवस भव्यतासाथ मनाइयो । उक्त दिवसमा महिलालाई मतदान गर्ने अधिकारका अलावा व्यावसायिक तालिम प्रदान गरिनुपर्ने र महिलामाथि कुनै पनि किसिमको विभेद हुन नपाउनेलगायत माग समावेश गरिएका थिए ।

महिला अधिकारकै प्राप्तिका लागि गरिएको आन्दोलनको निरन्तरता स्वरूप सन् १९१३, १९१४ र १९१७ मा तत्कालीन रुसमा प्रथम विश्वयुद्धको विरोधमा महिलाले रोटी र शान्तिको नारासहित अन्तर्राष्ट्रिय महिला दिवस भव्य रूपमा मनाए । युरोपका कैयौँ देशका महिलाले क्लारा जेटकिन, रोजा लक्जम्बर्ग र टेरेसा मल्किएललगायतको नेतृत्वमा महिला आन्दोलनलाई निरन्तरता दिए । यही महिला दिवसलाई हाल आएर संसारभर महिला अधिकारका लागि महत्त्वपूर्ण नारी दिवसका रूपमा लिइन्छ । हाम्रो देश नेपालमा पनि वर्षौंदेखि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने गरिएको छ । तर, यो दिवस 'श्राद्धमा बिरालो बाँध्ने परम्परा'जस्तो मात्र भएको छ । नेपाली महिलाले वि.सं. २००३ सालमा स्थापित नेपाली कांग्रेस पार्टी, २००६ सालमा स्थापित नेपाल कम्युनिस्ट पार्टी, त्यसपछि आएको झापा आन्दोलन, दशवर्षे जनयुद्ध, जनआन्दोलनलगायत सबै संघर्षमा धेरै ठूलो योगदान गरेको इतिहास साक्षी छ । यसैको फलस्वरूप नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा रुपान्तरित भयो । यही व्यवस्थाअन्तर्गत जनताका छोराछोरीले सत्ताको सम्पूर्ण बागडोर सम्हालेको पनि करिब-करिब दुई दशक हुन लागिसक्यो, तैपनि नेपाली महिलाको समस्या ज्युँकात्युँ छन् । हरेक दिनजसो हामी महिलाले कहालीलाग्दा हिंसा, बलात्कार, विभेद, दमन र शोषणसम्बन्धी समाचारका पात्र बनेर दिनचर्या सुरु गर्नु परिरहेको छ ।

हाम्रो समाजका जन्मदेखि मृत्युसम्मका धेरैजसो धार्मिक, सामाजिक तथा सांस्कृतिक संस्कारमा महिलामाथि गरिने विभेद कहालीलाग्दो छ । त्यसमा पनि अशिक्षा, गरिबी, पितृसत्तात्मक सोच, हात्तीको देखाउने दाँतजस्ता कानुन आदिका कारण घरेलु हिंसा, दाइजो प्रथा, एसिड आक्रमण, जिउँदै जलाउनेजस्ता अमानवीय व्यवहारले महिलालाई जहिल्यै झस्काउने गरेको छ । के यो देशमा महिला भएर जन्मिनु अभिशाप नै हो त ? यो प्रश्न यसै महिला दिवसदेखि उठाउनुपर्ने भएको छ ।

विगत पाँच वर्षमा आठ हजारभन्दा बढी नेपाली महिला बलात्कृत भएको आँकडाले छाती चरक्क चिरिन्छ । अहिले पनि प्रतिदिन ६ जना महिला बलात्कृत हुने गरेको यथार्थ नेपाल प्रहरीको तथ्यांकले देखाउँछ । अबोध बालिकादेखि ८० वर्षसम्मका हजुरआमासमेत हाम्रै देशमा बलात्कृत भएका छन् । झन्डै साठी हजार घरेलु हिंसाका उजुरी प्रहरी प्रशासनमा परेको देखिन्छ । मानवअधिकारका क्षेत्रमा काम गर्ने एउटा संस्थाले २०७९ पुस १७ देखि २०८० पुस १५ सम्म नौ सय ८८ मानवअधिकार उल्लंघनका घटना घटेको उल्लेख गरेको छ । यस्ता अधिकांश घटनाका पीडित महिला नै हुने गरेका छन् । यसैगरी ज्यादतीका घटनामा सात हजार सात सय १६ महिला पीडित भएका देखिन्छन् । सो तथ्यांकअनुसार अघिल्लो वर्षको तुलनामा महिलाको हकअधिकार उल्लंघनका घटना दुई हजारजनाभन्दा बढीमा भएको देखिन्छ । एवं रूपले अत्याचार बढ्दै जाने हो भने भोलिका दिनमा नेपाली महिलाको अवस्था के होला ? एउटा गम्भीर प्रश्न हाम्रा अगाडि तेर्सिन्छ ।



> अशिक्षा, गरिबी, पितृसत्तात्मक सोच, हात्तीको देखाउने दाँतजस्ता कानुन आदिका कारण घरेलु हिंसा, दाइजो प्रथा, एसिड आक्रमण, जिउँदै जलाउनेजस्ता अमानवीय व्यवहारले महिलालाई जहिल्यै झस्काउने गरेका छन्

हिजो महिला दिवसको दिन प्राडो र पजेरो चढ्नेको विरोध गर्नेहरू आज आफू यसबाट तल ओर्लेदैनन् । तारे होटेलमा महिला दिवस मानउनेहरूलाई सामन्ती, शोषक, नारीका नाममा कलंक भनेर नथाक्नेहरू अहिले तारे होटेलबाहिर महिला दिवसका कार्यक्रम गर्ने मान्दैनन् । सुन्दरी प्रतियोगिताको विरोध गर्नेहरू आज यस विषयमा चुइँक्कसम्म बोल्दैनन् । हिजो आफ्नो ज्यान, घरपरिवार, सम्पत्ति नभनी आन्दोलनमा होमिनेलाई, गाँस, वास, लत्ताकपडा र बाटोखर्च दिएर पठाउनेलाई आजभोलि बाटोमा देखेमा चिन्दैनन् ।

नेपाल आमाका हजारौँ छोराछोरीले रगत र लाखौँलाखले पसिना बगाएका कारण देशमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था आएको हो । यो रक्तिम इतिहास निर्माणमा हामी महिलाको योगदान कत्ति पनि कम छैन । हिजोको त्यो कालरात्रिमा सबै राजनीतिक दलले महिला, सर्वहारा, श्रमिक, मजदुर, किसान, सीमान्तकृत समुदायको मुक्ति नै आफ्नो मूल मुद्दा बनाएका थिए । निश्चित् राजनीतिक दर्शन र विचारका आधारमा दलहरू बनेका हुन् । तर विडम्बना, अहिले नेपालमा आफूलाई एक नम्बरका समाजवादी दाबी गर्ने यी राजनीतिक दलभित्र विचारको बहस शून्य छ । जसका लागि यी पार्टी बनेका हुन्, तिनकै लागि आज यी पार्टी छैनन् । अहिले राजनीतिक दर्शन, विचारसँग यिनीहरूको टाढाको पनि नाता पर्दैन । रगतको आहालबाट उठेर आएका यी पार्टी अनि मृत्यु वा मुक्ति घोकेर नथाक्ने नेताहरू आज केही वर्षभित्रै आदर्शबाट पूरै विमुख देखिन्छन् । भर्खरै देशमा विद्यमान प्रमुख तीन ठूला राजनीतिक दलहरूले तामझामसाथ बैठक-भेला सम्पन्न गरेका छन् । तर, यिनका कुनै पनि मुद्दाहरूले जनतालाई आकर्षित गर्न सकेनन्, महिलाका मुद्दा उठाउनु त धेरै टाढाको विषय भयो ।

आजभोलि नेपाली महिलाले आफू संलग्न राजनीतिक दलबाट धोका पाएको अनुभूति गरिरहेका छन् । आजको मानव समाज विज्ञान र प्रविधिमा आएको चमत्कारसँगै धेरै अगाडि बढिसक्यो । यही प्रविधिकै सहयोगमा अर्को ग्रहमा मानव अस्तित्व खोजिँदै छ । जल, जमिन, जंगल आदि नहुँदा पनि मान्छे बाँच्न सक्छ भनेर अर्को पृथ्वी निर्माण गर्ने परीक्षणमा छ मानव जाति । हावामा पनि उद्योग खोलेर फेसबुकका जन्मदाता मार्क जुकरबर्गले ३२ वर्षको उमेरमा विश्वको कान्छो छैटौँ धनी बनेर आफ्नो इतिहास बनाइसके । त्यस्तै दिमागकै उपयोग गरेर एलन मस्क (ट्विटर), अलिबाबा (अमेजन) आदि कहाँबाट कहाँ पुगिसके । भोलिका दिनको त कल्पनासम्म पनि गर्न सकिँदैन । सम्भवतः हामीजस्तै यस धर्तीका मान्छेले एउटा ग्रहमा एउटा घर र अर्को ग्रहमा अर्को घर बनाएर केही दिन यता केही दिन उता बस्छन् होला कुनै दिन । तर, विडम्बना, आजको यस युगमा पनि हुम्ला अदानचुली गाउँपालिका, काँखे गाउँकी रँगिता शाही नाम गरेकी २० वर्षीया एक युवतीको गाउँनजिकै स्वास्थ्यचौकी नहुँदा सुत्केरी हुन नसकेर २०७९ फागुनमा मृत्यु भयो । हुम्लाकै सर्केगाड गाउँपालिकाकी २४ वर्षीया अर्की युवती पवित्रा शाहीको सुत्केरी भएपछि भएको उच्च रक्तस्रावले स्वास्थ्य संस्थामा उपचार हुन नसकेर मृत्यु भयो । हवाईजहाजको प्रतीक्षा गर्दागर्दै ताजाकोट गाउँपालिकाकी २३ वर्षीया अंशु बुढाको सुत्केरी हुन नसकेर २०८० पुसमा मृत्यु भयो । यी घटनाले सञ्चार माध्यममा आएको सीमित जिल्लाका थोरैको मात्र प्रतिनिधित्व गर्छन् । यस्ता कैयौँ दुःखद घटना देशभर दिनदिनै मात्र होइन, पलपलमा घटिरहेका हुन्छन् ।

मानिसको बाँच्न पाउने अधिकारको सुनिश्चतता नै मानवअधिकारको पहिलो सर्त हो । अधिकारभन्दा जीवन ठूलो हो, जीवन रहे मात्र अधिकारको कुरा गर्न सकिन्छ । यसैले काठमाडौँका महँगा होटेलमा हिजोको गरिबी र विपन्नतालाई भजाएर अहिले सुकिलामुकिला भइटोपलेका सम्भ्रान्त महिलाले एक दिन मनाएको यस दिवस र फलाकेका खोक्रा भाषणले देशभरिका शोषित-पीडित, बलात्कृत, अल्पआयुमै मृत्युको पर्खाइमा बसेका निमुखा, गरिब, दुःखी, मजदुर, किसान महिलालाई केही फरक पर्नेछैन । भनिन्छ, समयले मानिससँग केही समय खोस्छ, तर त्यसको बदलामा कुनै महत्त्वपूर्ण पाठ सिकाएर जान्छ रे ! सम्भवतः अहिलेको यस विषम समयले पनि हामी महिलालाई यस्तै केही पाठ सिकाउने नै छ । यो वर्षको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसले भर्खरको उमेरमा उचित उपचार नपाएर मृत्यु भोग्नुपर्ने महिलाको यो नियतीको परम्परालाई चिर्न सकोस्, यही शुभकामना !

(सामाजिक विकृति र महिला अधिकारबारे कलम चलाउँदै आएकी डा. बुद्थापा महिला अभियन्ता हुन्)

३ प्रश्न

जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी **भूपेन्द्रबहादुर खत्री**लाई



■ काठमाडौं प्रहरीले सुरु गरेको इ-क्युआरटीको अवधारणा के हो ?

अपराध अनुसन्धान र नियन्त्रणका लागि प्रभावकारी मानिएको क्युआरटी (क्विक रेस्पन्स टिम) लाई अझै साधनस्रोतले सुसज्जित र बदलिँदो परिवेशअनुसार परिचालान गर्ने उद्देश्यले यो कार्यक्रम सुरु गरिएको हो । कुनै पनि घटनास्थलमा तत्काल पुग्नु यसको प्रमुख उद्देश्य हो । जसका लागि इ-क्युआरटी टिमले जिपिएस सिस्टम प्रयोग हुन्छ । यसबाट प्रहरीको 'रेस्पन्स' को समयलाई घटाउँछ । जसले भौतिक सबुतको सुरक्षा र सूचना संकलनमा पनि सहयोग पुग्छ । स्मार्ट सिटीको स्मार्ट अवधारणलाई यसले संस्थागत गर्छ । इ-क्युआरटी टिमको शरीरमा क्यामेरा पनि हुने भएकाले उसले सेवाग्राहीसँग गरेको व्यवहार पनि अटोमेटिक रेकर्ड हुन्छ ।

■ काठमाडौंको पछिल्लो अपराधको ट्रेन्ड के छ ?

अपराधको स्वरूप र प्रवृत्ति समयानुकुल हुने गर्छन् । ग्रिक दार्शनिक हेराक्लाइटसले 'परिवर्तनबाहेक केही स्थायी छैन' भनेझैं समाज परिवर्तनको नियममा बाँच्छ । त्यसकारण अपराधको ट्रेन्ड पनि फेरिँदो छ । परम्परागत अपराधको स्वरूप र प्रवृत्ति समाज विकाससँगै घट्दै गएको देखिन्छ भने पछिल्ला दिनमा आर्थिक अपराध, साइबर अपराधका नयाँ स्वरूप र प्रवृत्तिहरू देखापरेका छन् ।

■ प्रहरीले भोगेका समस्या चाहिं कस्ता छन् ?

साधन स्रोत र जनशक्ति अभावको परम्परागत समस्या छ । तर, यो प्रश्नको उत्तर आमजनसमुदायलाई हामीलाई प्रदान गर्ने सेवा र त्यसको गुणस्तर हो जस्तो लाग्छ । त्यसैले, पहिलो कुरा त जति नै साधन स्रोतको अभाव भए पनि हामीले जनताको विश्वास जिल्ने काम गर्न सक्यौँ, परिणाम दिन सक्यौँ भने त्यसको सान्दर्भिकता देखिन्छ । किनकि समाजमा अपराध नियन्त्रण र अनुसन्धान कार्य भनेको 'सेट अफ एक्टिभिटिज' हो । केही समस्याका बाबजुद पनि काठमाडौंको पुलिसिङमा हामीले कत्ति पनि सम्झौता गरेका छैनौं ।

प्रेरक प्रसंग

रणजित सिंह र वृद्धा

एकपटक महाराज रणजित सिंह कतै जाँदै थिए । अचानक कतैबाट बत्तिएर आएको एउटा इँटाको ठूलै टुक्रा उनको खुट्टामा लाग्यो । उनले आफूमाथि कसले किन इँटा प्रहार गऱ्यो भन्ने अनुमान लगाउन सकेनन् । सिपाहीले चारैतिर हेर्दा एक वृद्धा देखे । उनीहरूले तिनैलाई गिरफ्तार गरी महाराजसामु पेस गरे । राजालाई देखेपछि ती वृद्धा थरथर काम्न थालिन् । राजाले केही भन्नुभन्दा पहिल्यै उनले हात जोडेर भनिन्- महाराज मेरो नाति दुई दिनदेखि भोको थियो । उसलाई खुवाउन म बयरको रुखमा इँटा प्रहार गरिरहेकी थिएँ । तर, गल्तीले गर्दा हजुरलाई लाग्यो । मलाई माफ गर्नुहोस् महाराज !



महाराज रणजित सिंहले केहीबेर सोचे र ती वृद्धालाई एक हजार रुपैयाँ दिएर पठाइदिए । ती वृद्धा महाराजको जयजयकार गर्दै घरतिर गइन् । महाराजको व्यवहार देखेर कर्मचारी र सिपाही छक्क परे । जसलाई सजाय दिनैपर्ने थियो, राजाले उसलाई पुरस्कार दिएका थिए । एक कर्मचारीले सोधे पनि- महाराज, जसलाई दण्ड दिनुपर्ने थियो, उसलाई पुरस्कार किन ? साथै, उसले यसबारे अन्य मानिसले पनि थाहा पाए भने राजाको सुरक्षामै समस्या उत्पन्न हुन सक्ने र अरूले पनि राजामाथि इँटा या पत्थर प्रहार गर्न सक्ने खतरा रहेकोबारे पनि चिन्ता प्रकट गरे ।

उनको गुनासो सुनिसकेपछि केही गम्भीर हुँदै महाराज रणजित सिंहले भने- तपाईंले गरेको चिन्ता ठीक हो । तर, एउटा रुखले त आफूमाथि प्रहार गरिएको इँटा या पत्थरको बदलामा मिठो फल दिन्छ भने म एक राजा भएर पनि उनलाई कसरी खाली हात फर्काउन सक्थेँ ?

टिप्पणी nayapatrikaofficial @naya_patrika

महिलाको प्रतिनिधित्व किन कम ?

पुनर्गठित २० सदस्यीय मन्त्रिपरिषद्मा जम्मा चारजना मात्र महिलामन्त्री नियुक्त भएका रहेछन् । देशको संविधानले महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्दै राज्यका निकायमा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने बताएको छ । तर, सरकारमा भने जम्माजम्मी चारजना मात्र महिलाको प्रतिनिधित्व भएको छ । यो महिलामाथि गरिएको अविश्वास हो कि सक्षम महिला हुँदैनन् नभएर हो ? अथवा सक्षम हुँदाहुँदै पनि पुरुषवादी चस्माबाट उनीहरूको सक्षमता नदेखिएको हो ? दलका प्रमुखहरूले नै यस विषयमा प्रस्ट पार्नुपर्‍यो ।

● **गरिमा तुलाचन**, सामाखुसी, काठमाडौं

कांग्रेसको छटपटी किन ?

कांग्रेस सभापति शेरबहादुर देउवाले विभिन्न दलका नेतालाई भेटेर 'लोकतान्त्रिक शक्तिहरू मिलेर जाऔं' भन्ने प्रस्ताव गरेको समाचार पढियो । प्रस्ताव गलत होइन, तर के सत्तामा पुग्न मात्र लोकतान्त्रिक या वाम शक्तिहरू मिल्नुपर्ने हो ? जनतालाई सुशासन दिन र देशमा विकास निर्माण र समृद्धि ल्याउनचाहिँ कोही कसैसँग मिल्नु नपर्ने हो ? फेरि सत्ताबाट बाहिरिनासाथ मिलेर जानुपर्छ भन्ने बुद्धि पलाउने हो ? कांग्रेस नेताहरूको यो छटपटी अलिक अस्वाभाविक देखियो ।

● **वन्दना चौरसिया**
सिनामंगल, काठमाडौं

चालक कहिले सचेत बन्ने ?

त्रिशूलीमा बस खस्दा सातको मृत्यु र तीन बेपत्ता भएको समाचार पढ्दा असाध्यै दुःख लाग्यो । यस्ता दुर्घटनाका खबर लगातारजसो आई नै रहेका छन् । कैयौंको ज्यान पनि गएको छ । तैपनि, यस्ता दुर्घटना रोक्नेतर्फ चासो दिएको देखिन्न । दुर्घटनाले दिने पीडा अकल्पनीय हुन्छ । यस्ता अधिकांश दुर्घटनाको मुख्य जिम्मेवार चालक नै हुने गर्छन् । कतिपय अवस्थामा त चालककै ज्यानसमेत जान्छ । तैपनि, किन तीव्र गतिमा बस कुदाउँछन् ?

● **अमृता तामाङ**
पुल्चोक, चितवन

जनचाहना बुझेर काम गरौं

सरकार बनाउनु र सरकार गिराउनु मात्र नेताहरूले आफ्नो उपलब्धि सोचेका छन् । यो सरासर गलत हो । जनचाहना के हो भन्ने नबुझ्दा जनतामा दलहरूप्रति वितृष्णा जाग्दै छ । कांग्रेस र माओवादी केन्द्रलगायत दल मिलेर बनेको सरकार १५ महिनामै ढल्यो । अहिले एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र एकीकृत समाजवादी मिलेर नयाँ सरकार गठन भएको छ । सरकार गठन नेताका लागि कि जनताका लागि भन्ने प्रश्न उब्जिनु स्वाभाविक हो । हिजो पार्टीसमेत एकीकरण गर्ने अभियान चलाएका कम्युनिस्ट घटक दसौँ चिरा भएका छन् । जनताले कसको विश्वास गर्ने ?

पाँच वर्ष सरकारमा नजाने भनेको रास्वपा अहिले गृह मन्त्रालयसहित सरकारमा गएको छ । १३ महिनाअघि केही दिनका लागि सोही जिम्मेवारी सम्हालेका रविले अहिले पुनः सोही पद सम्हालेका छन् । हिजो बाहिर बसेर जति कराएका थिए, आज भित्र गएर गर्लान् कि नगर्लान्, त्यो हेर्न बाँकी नै छ । बोल्नु र काम गर्नु फरक विषय हो । सत्ताबाहिर बसेर कराउन जति सजिलो छ, सत्तामा गएपछि सुशासन दिन त्यति नै कठिन छ ।

जनताले अहिले भएका बूढा-पुराना दलको विकल्प खोजेका छन् । यसप्रति समयमै सबै सचेत बन्नु जरुरी छ । दशकौँ लामो प्रजातन्त्रको अभ्यास गरेका नेताले जनताको भावना किन नबुझेका हुन् ? देशको आर्थिक अवस्था नाजुक छ, अर्थतन्त्र बलियो बनाउन के गर्नपर्ला भनेर किन नसोचेका हुन् ? सधैँ कुर्सीकै लागि राजनीति गर्ने कि जनचाहना पनि बुझ्ने हो नेताज्यूहरू ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

भयावह बन्दै वन्यजन्तुका लागि सडक पूर्वाधार

वातावरण एवं वन्यजन्तुको संरक्षण र विकासलाई एकाकार गरेर लैजान सकिएन भने वन्यजन्तु संरक्षणमा ठूलै विपत्ति भोग्नुपर्ने हुन सक्छ



● शिवा ज्ञवाली


हाल नेपालले कुल क्षेत्रफलको करिब एकचौथाइ भाग संरक्षण क्षेत्रका रूपमा छुट्याइएको छ भने संरक्षण क्षेत्रबाहिर पनि सामुदायिक वन तथा अन्य आयामको माध्यमबाट संरक्षणका प्रयास भएका छन् । यी प्रयासमार्फत नेपालले वन्यजन्तु संरक्षणका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ । पछिल्लो समय नेपालमा भएका बाघ, गैँडाजस्ता जनावरको संख्यामा आएको बढोत्तरीले पनि नेपालले गरेको उपलब्धिलाई पुष्टि गर्छ । प्राप्त भएका उपलब्धिसँगै चुनौतीका पहाड पनि खडा भएका छन् । नेपालको तराई वन्यजन्तु संरक्षणका दृष्टिले महत्त्वपूर्ण क्षेत्र हो । साथै, हाल नेपालको कुल जनसंख्याको करिब ५१ प्रतिशत मानिस सोही क्षेत्रमा बसोवास गर्छन् । तराई क्षेत्रमा जनसंख्या वृद्धिदर अन्य क्षेत्रको तुलनामा बढी छ, जसका कारण विकास निर्माणका कार्य पनि सो क्षेत्रमा बढ्नु स्वाभाभिक हो । विकासका पूर्वाधार निर्माणसँगै तराईका संरक्षण क्षेत्रमा संरक्षणका चुनौती पनि थपिँदै गएका छन् ।

मानव विकासका लागि पारिस्थितिकीय प्रणाली र विकासका पूर्वाधार दुवै आवश्यक छन् । विकास र आधुनिक प्रविधिको प्रयोग मानव सभ्यता र सामाजिक विकास एवं राष्ट्र समृद्धिको अनिवार्य पाटो हो । साथै जैविक विविधता पनि मानिसको जीवनका लागि आधारस्तम्भ हुन् । मानिसले आफ्नो जीविकोपार्जनका निम्ति आवश्यक सम्पूर्ण प्रारिस्थितिकीय सेवा यिनै जैविक विविधताबाट प्राप्त गर्छन् । त्यसैले, वातावरण एवं वन्यजन्तुको संरक्षण र विकासलाई एकाकार गरेर लैजानु अहिलेको अनिवार्य सर्त हो । यी दुवै पक्षलाई साथसाथै लैजान नसकेमा ठूलो विपत्ति भोग्नुपर्ने हुन सक्छ ।

विकास निर्माण र त्यससँग सम्बन्धित मानवीय क्रियाकलापले गर्दा वन्यजन्तु संरक्षणमा नयाँ-नयाँ चुनौती थपिँदै गएका छन् । जस्तै- पछिल्लो समय तारजालीमा अड्किएर वन्यजन्तुको मृत्यु हुनु, नहर पोखरीमा परेर मर्नु, प्राकृतिक विपत्तिमा पर्नु तथा बस्तीमा पस्दा कुकुरको आक्रमणमा परी थुप्रै वन्यजन्तुको मृत्यु हुनुजस्ता घटना सामान्य बन्दै गएका छन् ।

वन्यजन्तु संरक्षणका लागि अर्को प्रमुख चुनौती सडक पूर्वाधार हो । वर्तमान अवस्थामा जनसंख्याका साथसाथै सवारीसाधनको प्रयोग पनि बढिरहेको छ । विकासका पूर्वाधारका संरचना पनि बढिरहेका छन् । यसरी बढेको सडकलगायत पूर्वाधार तथा सवारीसाधनको प्रयोग वन्यजन्तुका लागि भने अभिशाप बन्दै गएको छ । वन्यजन्तुको संख्या उल्लेख्य भएका क्षेत्रमा सडकलगायत पूर्वाधार निर्माण गर्दा त्यसले दोहोरो चुनौती सिर्जना गरेको छ । एकातिर सडकका कारण वन्यजन्तुको वासस्थान खण्डीकरण भएका छन् भने अर्कातिर वासस्थानको खण्डीकरणका कारण वन्यजन्तुलाई स्थानीय रूपमा विचरण गर्न र आनुवंशिक विविधता कायम राख्न समस्या भएको छ । सडकछेउका क्षेत्र मानिसले अनियन्त्रित रूपमा ओगट्दा वन्यजन्तुको वासस्थानको अतिक्रमण भइरहेको छ । यसका साथै सडक दुर्घटनामा वन्यजन्तु घाइते हुने वा मृत्यु हुने क्रम पनि निकै बढेको छ ।

संरक्षण क्षेत्र भएर निर्माण भएका सडकका कारण वन्यजन्तुको वासस्थान विनाश हुने गरेको छ भने सडक निर्माण र ट्राफिक कोलाहलले वन्यजन्तुको व्यवहार र प्रजनन ढाँचामै प्रतिकूल असर पारेको अध्ययनले जनाएका छन् । विगत केही वर्षको तथ्यांक हेर्दा सडक दुर्घटनाबाट बाँके राष्ट्रिय निकुञ्जमा मात्र सयौँ वन्यजन्तुले ज्यान गुमाएका छन् । साधारणतया निकुञ्ज क्षेत्रभित्र सार्वजनिक सडक निर्माण भई बस, ट्रक, ट्र्याक्टर, भ्यान आदि सवारीसाधन सञ्चालन हुँदा मुख्यतयाः सवारीसाधनको आवतजावत र रातिमा प्रकाश भएतिर जनावर आउने, सोझो (सीधा) बाटोमा



(सडक दुर्घटनामा मृत्यु भएका वन्यजन्तुको विवरण)

स्रोत : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको वार्षिक प्रतिवेदन, ०७९/८०)

सवारीसाधनको गति बढी हुने, घुम्ती बाटोमा चालक र वन्यजन्तुले एक-आपसमा सजिलै देख्न नसक्ने, बाटोमा मौसमअनुसार बाक्लो हुस्सु र कुहिरोका कारण स्पष्ट दृश्यावलोकनमा समस्या हुने, चरिचरन क्षेत्रको कमीका कारण वन्यजन्तु आहाराको खोजीमा यत्रतत्र डुल्नुपर्दा सडक पूर्वाधारकै क्षेत्रको प्रयोग गर्नुपर्ने बाध्यता हुनु, निकुञ्ज क्षेत्रमा सवारीचालकको असावधानी, सरोकारवालाको फितलो निरीक्षण र निकुञ्जसँगको कमजोर समन्वयजस्ता कारणले वन्यजन्तु सजिलै दुर्घटनाको सिकार बन्ने गरेको पाइन्छ ।

तराईका संरक्षित क्षेत्रमा मृत्यु हुने वन्यजन्तुको संख्या हिमाल पहाडको तुलनामा बढ्दो क्रममा छ । वन्यजन्तु मृत्युको कारण प्राकृतिक प्रकोप र सडक दुर्घटना मुख्य कारणका रूपमा रहेको पाइन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष ०७९/८० मा सडक दुर्घटनामा मात्रै परी १४१ वन्यजन्तुको मृत्यु भएको पाइएको छ । दुर्घटना परी मुख्यतः चित्तल, बाँदर र अन्य चरा प्रजातिका प्राणी मारिएको देखिन्छ । सबै वन्यजन्तुको मृत्यु अभिलिखित नहुने भएकाले वास्तविक संख्या योभन्दा बढी पनि हुन सक्ने सम्भावना छ ।

वन्यजन्तु संरक्षणमा सडकमा गुड्ने सवारीसाधन विशेष चुनौतीका रूपमा रहेका छन् । सडक दुर्घटनाबाट हुने वन्यजन्तुको क्षतिलाई कम गर्न सकभर निकुञ्ज क्षेत्रभित्रबाट सार्वजनिक सडक निर्माण नगर्ने, सार्वजनिक सडक निर्माण गर्नुपरेमा रातको समयमा सवारीसाधन सञ्चालन नगर्ने, सडकमा चल्ने सवारीसाधनको गति सीमित गर्ने उपाय अवलम्बन गर्ने, सावधानीका सूचनामूलक संकेतबोर्ड राख्ने, सडकको अवस्था बिग्रन नदिने, सवारीचालकलाई वन्यजन्तु संरक्षणसम्बन्धी कार्यमा सचेत गराउने, सडकको क्षेत्राधिकारभित्र ससाना पोखरी निर्माण गर्ने, निकुञ्ज क्षेत्रभित्र वन्यजन्तुमैत्री, जस्तै- वन्यजन्तु क्रसिङ, अन्डरपास र ओभरपासजस्ता पूर्वाधार निर्माण गर्नेजस्ता कार्यमा जोड दिने रणनीति अवलम्बन गर्न सकेमा वन्यजन्तुको संरक्षण प्रभावकारी हुन सक्ने देखिन्छ । अन्त्यमा, बढ्दो वन्यजन्तुको संख्या र मानव निर्मित सडक पूर्वाधारलाई वन्यजन्तु वातावरणमैत्री बनाउन सम्बन्धित पक्षबीच समन्वय हुनु नितान्त जरुरी छ ।

(ज्ञवाली रुफोर्ड संस्थाको सहयोगमा वातावरण संरक्षण तथा अध्ययन केन्द्रद्वारा बाँके राष्ट्रिय निकुञ्जमा सवारीसाधनका कारण हुने दुर्घटना न्यूनीकरण परियोजनाको समूह सदस्य हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/११/२५ गते

यस माछापुच्छ्रे बैंक लि. को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नुभएको विभिन्न कर्जाहरुको समय समयमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज, लगायतका रकमहरु नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज आदि) नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकको नियम, प्रचलित कानून तथा ऋणी र बैंक बीच भएको लिखतको शर्त अनुसार ऋणीहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने र बैंकको सम्पूर्ण लेना रकम असुलीको लागि अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना	व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना	धितोमा रहेको सवारी साधनको विवरण	शाखा कार्यालय
१. नाम : राम बाबु स्याङतान ना.प्र.नं. १८१०७७/४३८, जि.प्र.का. महोत्तरी जारी मिति : २०६८/०२/२० बाबु : नर बहादुर स्याङतान, बाजे : विर बहादुर स्याङतान ठेगाना : महोत्तरी जिल्ला खयरमारा वडा नं. ६	**नाम : उर्मिला कुमारी स्याङतान** ना.प्र.नं. १८-२-०७७/७५९, जि.प्र.का. महोत्तरी जारी मिति : २०७२/१२/१४ बाबु : दौलत सिंह घिसिङ, पति : राम बाबु स्याङतान ससुरा : नर बहादुर स्याङतान ठेगाना : रौतहट जिल्ला, फतुवामहेशपुर वडा नं. ९	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ज १ ह ४१६४ ईन्जिन नं. TBPEMJV3011631 च्यासिस नं. MBX0002JFVJ520954 सवारीको रङ्ग : कालो	बर्दिबास
२. नाम : राजेश राय ना.प्र.नं. १८२०६८/१११६, जि.प्र.का. महोत्तरी जारी मिति : २०७०/०८/२० बाबु : रामहित राय, बाजे : रामएकबाल राय ठेगाना : महोत्तरी जिल्ला, लक्ष्मनिया वडा नं. ८	**नाम : रामहित राय** ना.प्र.नं. ०४९०२२३१, जि.प्र.का. महोत्तरी जारी मिति : २०३७/०१/०१ बाबु : रामएकबाल राय, बाजे : बाबुलाल राय ठेगाना : महोत्तरी जिल्ला, लक्ष्मनिया वडा नं. ८	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ज १ ह ५११८ ईन्जिन नं. TBPEMFW3018228 च्यासिस नं. MBX0002JFWF665239 सवारीको रङ्ग : कालो	बर्दिबास
३. नाम : राम बहादुर पाखिन ना.प्र.नं. २४३६, जि.प्र.का. पर्सा जारी मिति : २०४६/०५/१३ बाबु : जंग लाल, बाजे : सिने बहादुर ठेगाना : पर्सा जिल्ला, ठोरी वडा नं. ५	**नाम : बिर बहादुर पाखिन** ना.प्र.नं. १०४५१, जि.प्र.का. पर्सा जारी मिति : २०५६/०८/०७ बुवा : राम बहादुर पाखिन, बाजे : जंग लाल ठेगाना : पर्सा जिल्ला, ठोरी वडा नं. ५	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ना २ ह ३०८६ ईन्जिन नं. TBPEMEW3017181 च्यासिस नं. MBX0002JFWE644699 सवारीको रङ्ग : निलो	वीरगंज
४. नाम : अजित कुमार यादव ना.प्र.नं. १५२०१४/८७८६, जि.प्र.का. सिरहा जारी मिति : २०६८/१२/०७ बाबु : रामएकबाल यादव, बाजे : किसोरी यादव ठेगाना : सिरहा जिल्ला, साठियाईन गा.वि.स. वडा नं. ३	**नाम : पुनम कुमारी यादव** ना.प्र.नं. १५-०२-७४-०३०३६, जि.प्र.का. सिरहा जारी मिति : २०७४/०८/०१ पति : अजित कुमार यादव, ससुरा : रामएकबाल यादव ठेगाना : सिरहा जिल्ला, साठियाईन गा.वि.स. वडा नं. ३	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ ह ३१४२ ईन्जिन नं. TBPEMGW3019479 च्यासिस नं. MBX0002JFWH690734 सवारीको रङ्ग : कालो	लाहान
५. नाम : राजन विश्वकर्मा ना.प्र.नं. ५११९५/३४८८, जि.प्र.का. उदयपुर जारी मिति : २०५८/०५/१८ बाबु : भक्तबीर विश्वकर्मा, बाजे : लालबीर विश्वकर्मा ठेगाना : उदयपुर जिल्ला, त्रियुगा गा.वि.स. वडा नं. १६	**नाम : पंफा देवी विश्वकर्मा** ना.प्र.नं. १४१०४५/८८५१६, जि.प्र.का. उदयपुर जारी मिति : २०६४/१२/०१ पति : राजन विश्वकर्मा, ससुरा : भक्तबीर विश्वकर्मा ठेगाना : उदयपुर जिल्ला, त्रिनपा गा.वि.स. वडा नं. १६	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ ह २१८० ईन्जिन नं. TBPEMCV3015722 च्यासिस नं. MBX0002JFVC612026 सवारीको रङ्ग : निलो	लाहान
६. नाम : थिर बहादुर मगर ना.प्र.नं. १६१/१७४६, जि.प्र.का. उदयपुर जारी मिति : २०५७/०५/१२ बाबु : मान बहादुर मगर, बाजे : दशवीर मगर ठेगाना : उदयपुर जिल्ला, सोल्पाठाना गा.वि.स. वडा नं. ९	**नाम : कुमारी आले मगर** ना.प्र.नं. १३३०४५/२६०, जि.प्र.का. ओखलढुंगा जारी मिति : २०६३/११/१९ पति : थिर बहादुर मगर, ससुरा : दशवीर मगर ठेगाना : ओखलढुंगा जिल्ला, मुलखर्क गा.वि.स. वडा नं. ६	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स ल ह २३१४ ईन्जिन नं. TBPEMCV3015844 च्यासिस नं. MBX0002JFVC611717 सवारीको रङ्ग : पहेलो	लाहान
७. नाम : शिव चरण चौधरी ना.प्र.नं. १४८, जि.प्र.का. रौतहट जारी मिति : २०४५/१०/१३ बाबु : रुपलाल चौधरी, बाजे : पलट चौधरी ठेगाना : रौतहट जिल्ला, रगंपुर वडा नं. ३	**नाम : सभ्का कुमारी** ना.प्र.नं. ४४७५, जि.प्र.का. रौतहट जारी मिति : २०४५/०१/१३ पति : शिव चरण चौधरी, ससुरा : रुपलाल चौधरी ठेगाना : रौतहट जिल्ला, रगंपुर वडा नं. ३	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ना २ ह १४३० ईन्जिन नं. TBPEMAV3014945 च्यासिस नं. MBX0002JFVB593093 सवारीको रङ्ग : रातो	चन्द्रपुर
८. नाम : कुमार बि.क. घिमिरे ना.प्र.नं. ३१-०१-६९-००७१५, जि.प्र.का. मकवानपुर जारी मिति : २०६९/०१/२० बाबु : गणेश ब.बि.क.घिमिरे, बाजे : जीत ब. बि.क. घिमिर ठेगाना : मकवानपुर जिल्ला, धियाल वडा नं. ९	**नाम : गणेश ब. बि.क. घिमिरे** ना.प्र.नं. ३१३०१३/९४७, जि.प्र.का. मकवानपुर जारी मिति : २०६३/११/२३ बाबु : जीत ब. बि.क. घिमिर, बाजे : डम्बर ब. बि.क. घिमिरे ठेगाना : मकवानपुर जिल्ला, हटिया वडा नं. ५	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ना २ ह ३९८६ ईन्जिन नं. TBPEMGW-3019362 च्यासिस नं. MBX0002JFWH689768 सवारीको रङ्ग : रातो	चन्द्रपुर
९. नाम : रबिन्द्र प्रसाद साह ना.प्र.नं. १९-०१-७३-००५१०, जि.प्र.का. सर्लाही जारी मिति : २०७३/०२/०५ बाबु : जंगीलाल साह, बाजे : खहेरु साह कानु ठेगाना : सर्लाही जिल्ला, भवानीपुर वडा नं. ८	**नाम : जंगीलाल साह** ना.प्र.नं. ११५७१३०५, जि.प्र.का. सर्लाही जारी मिति : २०४४/११/११ बाबु : खहेरु साह कानु, बाजे : सौदागर साह कानु ठेगाना : सर्लाही जिल्ला, भवानीपुर वडा नं. ८	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ज १ ह ५११९ ईन्जिन नं. TBPEMFW3018226 च्यासिस नं. MBX0002JFWFF665438 सवारीको रङ्ग : निलो	चन्द्रपुर
१०. नाम : भिम बहादुर गोले ना.प्र.नं. ३१६५४१८०; जि.प्र.का. सर्लाही जारी मिति : २०५५/१०/२४ बाबु : भक्त बहादुर गोले; बाजे : हिरालाल गोले ठेगाना : सर्लाही जिल्ला, जानकीनगर वडा नं. ३	**नाम : शान्तिमाया तामाङ** ना.प्र.नं. २०३०४६/५९३, जि.प्र.का. सिन्धुली जारी मिति : २०६३/११/१८ पति : भिम बहादुर गोले; ससुरा : भक्त बहादुर गोल ठेगाना : सिन्धुली जिल्ला, टौडि वडा नं. २	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ज १ ह ५००० ईन्जिन नं. TBPEMGW3019684 च्यासिस नं. MBX0002JFWH689947 सवारीको रङ्ग : निलो	चन्द्रपुर
११. नाम : बिरेन्द्र सहनी ना.प्र.नं. ३९४६, जि.प्र.का. रौतहट जारी मिति : २०६३/०६/३० बाबस : भदई सहनी भलाह, बाजे : फकिरा सहनी ठेगाना : रौतहट जिल्ला, रघुनाथपुर वडा नं. ३	**नाम : लक्ष्मीनिया देवी सहनी** ना.प्र.नं. ३२३०८३/९७, जि.प्र.का. रौतहट जारी मिति : २०६३/१०/०७ पति : बिरेन्द्र सहनी, ससुरा : भदई सहनी भलाह ठेगाना : रौतहट जिल्ला, रघुनाथपुर वडा नं. ३	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ना २ ह १८३० ईन्जिन नं. TBPEMJV301106 च्यासिस नं. MBX0002JFVJ513474 सवारीको रङ्ग : रातो	चन्द्रपुर
१२. नाम : राम पुकार तामाङ ना.प्र.नं. २८५५, जि.प्र.का. रौतहट जारी मिति : २०६२/०३/०८ बाबु : पल्टु सिंह तामाङ, बाजे : गर्भु सिंह तामाङ ठेगाना : रौतहट जिल्ला, रगंपुर वडा नं. ३	**नाम : पल्टु सिंह तामाङ** ना.प्र.नं. २६१, जि.प्र.का. रौतहट जारी मिति : २०४३/०४/२७ बाबु : गर्भु सिंह तामाङ, बाजे : फत्तेलाल सिंह तामाङ ठेगाना : रौतहट जिल्ला, रगंपुर वडा नं. ३	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ना २ ह ३६९३ ईन्जिन नं. TBPEMFW3018028 च्यासिस नं. MBX0002JFWF663780 सवारीको रङ्ग : हरियो	चन्द्रपुर
१३. नाम : शेख मोहम्मद सोएव ना.प्र.नं. २६३४, जि.प्र.का. रौतहट जारी मिति : २०६२/०२/१२ बाबस : शेख गनिद, बाजे : शेख नजिव ठेगाना : रौतहट जिल्ला, बसबिही जिगडिया वडा नं. ३	**नाम : जिनातुन नेसा** ना.प्र.नं. ३२३०८५/५७९, जि.प्र.का. रौतहट जारी मिति : २०६३/१२/२० पति : शेख मोहम्मद सोएव, ससुरा : शेख गनिद ठेगाना : रौतहट जिल्ला, बसबिही जिगडिया वडा नं. ३	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ना २ ह ३१८० ईन्जिन नं. TBPEMBV3015501 च्यासिस नं. MBX0002JFVC612191 सवारीको रङ्ग : कालो	चन्द्रपुर
१४. नाम : जगदीश यादव ना.प्र.नं. १५३११५०१, जि.प्र.का. धनुषा जारी मिति : २०६१/०४/३२ बाबु : चुटा यादव, बाजे : लटा यादव ठेगाना : धनुषा जिल्ला, भुतही पटेर्वा वडा नं. ४	**नाम : मंजु कुमारी यादव** ना.प्र.नं. १७३०४९/३२२, जि.प्र.का. धनुषा जारी मिति : २०६३/११/१० पति जगदीश यादव, ससुरा :चुटा यादव ठेगाना : धनुषा जिल्ला, भुतही पटेर्वा वडा नं. ४	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ज १ ह ५०९२ ईन्जिन नं. TBPEGW3019688 च्यासिस नं. MBX0002JFWH690208 सवारीको रङ्ग : हरियो	सखुवा महेन्द्रनगर
१५. नाम : पुरन कुमार श्रेष्ठ ना.प्र.नं. १७३०४५/२६८, जि.प्र.का. धनुषा जारी मिति : २०६३/१२/२२ बाबु : लाल बहादुर श्रेष्ठ, बाजे : भिम बहादुर श्रेष्ठ ठेगाना : धनुषा जिल्ला, तल्लो गोदार वडा नं. २	**नाम : टिका माया श्रेष्ठ** ना.प्र.नं. १७-०१-७३-०४१२५, जि.प्र.का. धनुषा जारी मिति : २०७३/०३/१४ पति : पुरन कुमार श्रेष्ठ, ससुरा : लाल बहादुर श्रेष्ठ ठेगाना : धनुषा जिल्ला, गणेशमान चारनाथ वडा नं. ६	सवारी मोडल : Piaggo Apecity दर्ता नं. ज १ स ७१७७ ईन्जिन नं. TBPEMJW3022310 च्यासिस नं. MBX0002JFWJ724104 सवारीको रङ्ग : हरियो	सखुवा महेन्द्रनगर
१६. नाम : विजय तामाङ्ग ना.प्र.नं. ०६/५१९७०, जि.प्र.का. सुनसरी जारी मिति : २०६८/०८/२७ बाबस : बुद्धीमान तामाङ्ग, बाजे : विर मान तामाङ्ग ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १८	**नाम : रीता दाहाल** ना.प्र.नं. ७७२, जि.प्र.का. धनकुटा जारी मिति : २०६३/०७/१० पति : विजय तामाङ्ग, ससुरा : बुद्धीमान तामाङ्ग ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १८	सवारी मोडल : Piaggo Apecity दर्ता नं. को २ ह २७५२ ईन्जिन नं. TBPEMFW3018039 च्यासिस नं. MBX0002JFWF664000 सवारीको रङ्ग : रातो	इटहरी
१७. नाम : मोहन साह तेली ना.प्र.नं. १८-१-०६०-१४१, जि.प्र.का. महोत्तरी जारी मिति : २०६६/१२/१७ बाबु : भरत साह तेली, बाजे : जीवछ साह तेलि ठेगाना : महोत्तरी जिल्ला, ह. हरिनमरी गा.वि.स. वडा नं. ७	**नाम : भरत साह तेली** ना.प्र.नं. ३६२६०१९४, जि.प्र.का. महोत्तरी जारी मिति : २०३४/०९/०५ बाबु : जीवछ साह तेलि, बाजे : गिरिजा प्रसाद साह तेली ठेगाना : महोत्तरी जिल्ला, ह. हरिनमरी गा.वि.स. वडा नं. ७	सवारी मोडल : Piaggo Apecity दर्ता नं. को २ ह ५३८२ ईन्जिन नं. TBPEMEW3016754 च्यासिस नं. MBX0002JBWE649665 सवारीको रङ्ग : निलो	इटहरी
१८. नाम : राजेन तामाङ ना.प्र.नं. १३३०४३/२१८, जि.प्र.का. ओखलढुङ्गा जारी मिति : २०६३/११/१४ बाबु : अडै तामाङ, बाजे : विर्खे तामाङ ठेगाना : ओखलढुङ्गा जिल्ला, बलखु गा.वि.स. वडा नं. २	**नाम : सरस्वती तामाङ** ना.प्र.नं. १३३०४३/१९४, जि.प्र.का. ओखलढुङ्गा जारी मिति : २०६३/११/१४ पति : राजेन तामाङ, ससुरा : अडै तामाङ ; ठेगाना : ओखलढुङ्गा जिल्ला, बलखु गा.वि.स. वडा नं. २	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ ह २३४७ ईन्जिन नं. TBPEMJV3011632 च्यासिस नं. MBX0002JFVJ521417 सवारीको रङ्ग : सेतो	कटारी
१९. नाम : विरेन्द्र यादव ना.प्र.नं. १५-०१-७०-१३३८२, जि.प्र.का. सिरहा जारी मिति : २०७०/१०/१० बाबु : फुलवा यादव, बाजे : महावीर यादव ठेगाना : सिरहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ८	**नाम : फुलवा यादव** ना.प्र.नं. १३२०/३९६९, जि.प्र.का. सिरहा जारी मिति : २०४३/११/०९ बाबु : महावीर यादव, बाजे : खटर यादव ठेगाना : सिरहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ८	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ ह २५०४ ईन्जिन नं. TBPEMFW3018086 च्यासिस नं. MBX0002JFWF664924 सवारीको रङ्ग : हरियो	मिर्चैया
२०. नाम : मेहदी हसन ना.प्र.नं. १५-०१-६९-०४२४०, जि.प्र.का. सिराहा जारी मिति : २०६९/०९/२५ बाबु : फिरोज मियाँ, बाजे : हफिज मियाँ ठेगाना : सिराहा जिल्ला, कल्याणपुर जब्दी वडा नं. ८ हाल : सिराहा जिल्ला, कल्याणपुर वडा नं. ११	**नाम : फिरोज मियाँ** ना.प्र.नं. १८८१, जि.प्र.का. सिराहा जारी मिति : २०५०/०४/२४ बाबु : हफिज मियाँ, बाजे : रहमूतुल्ला मियाँ ठेगाना : सिराहा जिल्ला, कल्याणपुर जब्दी वडा नं. ८ हाल : सिराहा जिल्ला, कल्याणपुर वडा नं. ११	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ह ३१०३ ईन्जिन नं. TBPEMHW3020106 च्यासिस नं. MBX0002JFWH690050 सवारीको रङ्ग : पहेलो	कल्याणपुर
२१. नाम : हरेराम यादव ना.प्र.नं. १९२/७१७, जि.प्र.का. सिराहा जारी मिति : २०४८/०१/१७ बाबु : बौकु कुसियैत, बाजे : प्रेम कुसियैत ठेगाना : सिरहा जिल्ला, राघोपुर गा.वि.स. वडा नं. ६ हाल : सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ३	**नाम : दिपिका यादव** ना.प्र.नं. १५-०१-७५/१४८२३, जि.प्र.का. सिराहा जारी मिति : २०७५/१२/२७ पति : हरेराम यादव, ससुरा : बौकु कुसियैत ठेगाना : सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ३	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ ह ३६४८ ईन्जिन नं. TBPEMJW3021923 च्यासिस नं. MBX0002JFWK728916 सवारीको रङ्ग : कालो/पहेलो	कल्याणपुर
२२. नाम : रासिन्द्र मुसिया ना.प्र.नं. ८८३९६०४४, जि.प्र.का. सिराहा जारी मिति : २०५८/०९/०५ बाबु : चौठी मलाह, बाजे : प्रमेस्वर मलाह ठेगाना : सिराहा जिल्ला, सिरहा न.पा. वडा नं. ७	**नाम : समिलो देवी मुखिया** ना.प्र.नं. १५-०१-७१-०७७३१, जि.प्र.का. सिराहा जारी मिति : २०७१/११/०४ पति : रासिन्द्र मुसिया, ससुरा : चौठी मलाह ठेगाना : सिराहा जिल्ला, सिरहा न.पा. वडा नं. ७	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ ह ३०५१ ईन्जिन नं. TBPEMHW3020344 च्यासिस नं. MBX0002JFWH700438 सवारीको रङ्ग : रातो	कल्याणपुर

ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना	व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना	धितोमा रहेको सवारी साधनको विवरण	शाखा कार्यालय
२३. नाम : टिका राई ना.प्र.नं. ०६-०२-७५-०१६१७, जि.प्र.का. सुनसरी जारी मिति : २०७५/०४/३१ पति : सोमु राई, बाबु : कालुराम राई ठेगाना : सुनसरी जिल्ला, धरान वडा नं. ५	**नाम : सोमु राई** ना.प्र.नं. ०६/४४८८४/०६६/६७, जि.प्र.का. सुनसरी जारी मिति : २०६७/०३/०३ बाबु : पान बहादुर राई, बाजे : हजारमान राई ठेगाना : सुनसरी जिल्ला, पाँचकन्या वडा नं. ९	सवारी मोडल : Piaggo Apecity दर्ता नं. को २ ह ४२६७ ईन्जिन नं. TBPEMHW3020803 च्यासिस नं. MBX0002JFWJ709136 रङ्ग : रातो	धरान
२४. नाम : मान बहादुर तामाङ्ग ना.प्र.नं. १४१०४५/१०४९६६, जि.प्र.का. उदयपुर जारी मिति : २०६७/०४/२५ बाबु : तिलक बहादुर तामाङ्ग, बाजे : नरध्वज तामाङ्ग ठेगाना : उदयपुर जिल्ला, त्रियुगा वडा नं. ७	**नाम : जानुका विश्वकर्मा** ना.प्र.नं. ०९१०२१/८८, जि.प्र.का. भोजपुर जारी मिति : २०६५/०७/०८ पति : मान बहादुर तामाङ्ग, ससुरा : तिलक बहादुर तामाङ्ग ठेगाना : भोजपुर जिल्ला, तिवारीभञ्ज्याङ्ग वडा नं. ६	सवारी मोडल : Piaggo Apecity दर्ता नं. को २ ह ३७६१ ईन्जिन नं. TBPEMHW3020473 च्यासिस नं. MBX0002JFWH702271 रङ्ग : हरीयो	धरान
२५. नाम : अमृत कुमार राई ना.प्र.नं. १२२०१९/१९०, जि.प्र.का. खोटाङ जारी मिति : २०७०/१२/१२ बाबु : संख मान राई, बाजे : नर बहादुर राई ठेगाना : खोटाङ जिल्ला चिप्रिङ वडा नं. १	**नाम : दुर्गा लक्ष्मी राई** ना.प्र.नं. १३६२४८/२३२७/३०४, जि.प्र.का. खोटाङ्ग जारी मिति : २०५६/०५/०७ पति : अमृत कुमार राई, ससुरा : संख मान राई ठेगाना : खोटाङ्ग जिल्ला, इन्द्रेणीपोखरी वडा नं. ८	सवारी मोडल : Piaggo Apecity दर्ता नं. को २ ह ५१११ ईन्जिन नं. TBPEMJW3021889 च्यासिस नं. MBX0002JFWJ721472 रङ्ग : निलो	धरान
२६. नाम : हाड दीप राई ना.प्र.नं. ०९-०१-७३-००९८३, जि.प्र.का. भोजपुर जारी मिति : २०७३/०३/०६ बाबु : नईन्द्र राई, बाजे : उद्यिम राई ठेगाना : भोजपुर जिल्ला, बासीखोरा वडा नं. ९	**नाम : सपना राई** ना.प्र.नं. ०९-०१-७३-००९८९, जि.प्र.का. भोजपुर जारी मिति : २०७३/०३/०७ पति : हाड दीप राई, ससुरा : नईन्द्र राई ठेगाना : भोजपुर जिल्ला, बासीखोरा वडा नं. ९	सवारी मोडल : Piaggo Apecity दर्ता नं. को २ ह २८८१ ईन्जिन नं. TBPEMFW3017936 च्यासिस नं. MBX0002JFWF663865 रङ्ग : निलो	धरान
२७. नाम : आशिष कुमार जिमी राई ना.प्र.नं. १०२०२३/११८६, जि.प्र.का. संखुवासभा जारी मिति : २०६५/०१/१२ बाबु : बसन्त कुमार जिमी राई, बाजे : रत्नमान जिमी राई ठेगाना : संखुवासभा जिल्ला, खराङ्ग वडा नं. २	**नाम : रिता जिमी राई** ना.प्र.नं. १०७११२/५९२, जि.प्र.का. संखुवासभा जारी मिति : २०६०/१०/०२ पति : बसन्त कुमार जिमी राई ससुरा : रत्नमान जिमी राई ठेगाना : संखुवासभा जिल्ला, चैनपुर वडा नं १६	सवारी मोडल : Piaggo Apecity दर्ता नं. को २ ह ४०४१ ईन्जिन नं. TBPEMHW3020354 च्यासिस नं. MBX0002JFWH700082 रङ्ग : रातो	धरान
२८. नाम : हेमन तामाङ ना.प्र.नं. १०२०२८/३९६, जि.प्र.का. सुनसरी जारी मिति : २०६५/०६/१२ बाबु : धन बहादुर तामाङ, बाजे : कालुमान तामाङ ठेगाना : सुनसरी जिल्ला, धरान वडा नं. ११	**नाम : एलि सिवा राई** ना.प्र.नं. ५७३, जि.प्र.का. संखुवासभा जारी मिति : २०६०/०९/३० पति : हेमन तामाङ, ससुरा : धन बहादुर तामाङ ठेगाना : संखुवासभा जिल्ला, खराङ्ग वडा नं. २	सवारी मोडल : Piaggo दर्ता नं. को २ ह ३७८६ ईन्जिन नं. TBPEMHW3020486 च्यासिस नं. MBX0002JFWH702116 रङ्ग : निलो	धरान
२९. नाम : मुस्तुफा मँसुरी ना.प्र.नं: १६३०५३/२, जि.प्र.का. सप्तरी जारी मिति : २०६३/१०/०४ बाबु : मखमलि मँसुरी, बाजे : सोती मँसुरी ठेगाना : सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स वडा नं. ६	**नाम : फतमा खातुन बेगन** ना.प्र.नं: १६०१७०००३३५, जि.प्र.का. सप्तरी जारी मिति : २०७०/०१/२२ पति : मुस्तुफा मँसुरी, ससुरा : मखमलि मँसुरी ठेगाना : सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स. वडा नं. ६	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ ह २५२४ ईन्जिन नं. TBPEMEW3017005 च्यासिस नं. MBX0002JFWE645042 सवारीको रङ्ग : रातो	राजबिराज
३०. नाम : फुलचन सरदार ना.प्र.नं. १६१०२८/२६७, जि.प्र.का. सप्तरी जारी मिति : २०६७/११/३० बाबु : दुर्गी लाल सरदार, बाजे : दनाईलाल सरदार ठेगाना : सप्तरी जिल्ला, प्रशवनी गा.वि.स. वडा नं. ३	**नाम : रामबति देबी सरदार** ना.प्र.नं. १६१०२८/२६८, जि.प्र.का. सप्तरी जारी मिति : २०६७/१२/१० पति : फुलचन सरदार, ससुरा : दुर्गी लाल सरदार ठेगाना : सप्तरी जिल्ला, प्रशवनी गा.वि.स. वडा नं. ३	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ ह २९९८ ईन्जिन नं. TBPEMGW3019620 च्यासिस नं. MBX0002JFWH689977 सवारीको रङ्ग : निलो	राजबिराज
३१. नाम : बिस्णुकान्त परिहस्त ना.प्र.नं. ७३५४३४७४, जि.प्र.का. सप्तरी जारी मिति : २०५३/०६/१७ बाबु : सत्य नारायण परिहस्त, बाजे : बैकु परिहस्त ठेगाना : सप्तरी जिल्ला, बभनगामाकटी गा.वि.स. वडा नं. ३	**नाम : रुबी देबी परिहस्त** ना.प्र.नं. १६१०३९/१४८, जि.प्र.का. सप्तरी जारी मिति : २०६६/०४/१३ पति : बिस्णुकान्त परिहस्त, ससुरा : सत्य नारायण परिहस्त ठेगाना : सप्तरी जिल्ला, बभनगामाकटी गा.वि.स. वडा नं. ३	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ ह ३०३८ ईन्जिन नं. TBPEMHW3020475 च्यासिस नं. MBX0002JFWH702228 सवारीको रङ्ग : हरियो	राजबिराज
३२. नाम : सुभान मिया ना.प्र.नं. ११९/१११९, जि.प्र.का. सुनसरी जारी मिति : २०५२/०५/०७ बाबु : मुस्लीम मिया, बाजे : मोजि मिया ठेगाना : सुनसरी जिल्ला, दुहवी वडा नं. ५	**नाम : हलीमा खातुन** ना.प्र.नं. ०३३००९/५०२, जि.प्र.का. सुनसरी जारी मिति : २०६३/१०/०५ बाबु : समसुल मिया ; ठेगाना : सुनसरी जिल्ला, दुहवी वडा नं. ५	सवारी मोडल : Piaggo Apecity दर्ता नं. को २ ह १५९४ ईन्जिन नं. TBPEMBV3015140 च्यासिस नं. MBX0002JFVB592744 सवारीको रङ्ग : हरियो	विराटनगर

ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना	व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना		धितोमा रहेको सवारी साधनको विवरण	शाखा कार्यालय
३३. रोशन कुमार यादव ना.प्र.नं. ७६८१/६३, जि.प्र.का. सिराहा जारी मिति : २०६३/०३/२१ बाबु : नागेश्वर गोइत बाजे : सुवध गोइत ठेगाना : सिरहा जिल्ला, माडर गा.वि.स. वडा नं. ६ हाल : सिरहा जिल्ला, सिरहां ना.पा. वडा नं. १७	**१. चन्द्र कला देवी** ना.प्र.नं. ५७१४०९६, जि.प्र.का. सिराहा जारी मिति : २०४६/०९/१३ बाबु : बलदेव यादव, ससुरा : सुवध गोइत पति : नागेश्वर गोइत, ठेगाना : सिरहा जिल्ला, माडर गा.वि.स. वडा नं. ६ हाल : सिरहा जिल्ला, सिरहां ना.पा. वडा नं. १७	**२. नागेश्वर गोइत** ना.प्र.नं. ५७१७२००१; जि.प्र.का. सिराहा जारी मिति : २०४३/०३/२२ बाबु : सुवध गोइत बाजे : सोने लाल गोइत ठेगाना : सिरहा जिल्ला, माडर गा.वि.स. वडा नं. ६ हाल : सिरहा जिल्ला, सिरहां ना.पा. वडा नं. १७	सवारी मोडल : Piaggo Apecity दर्ता नं. स १ह ३६५० ईन्जिन नं. TBPEMHW3020982 च्यासिस नं. MBX0002JFWJ708680 सवारीको रङ्ग : रातो	कल्याणपुर
३४. नाम : आनन्द यादव ना.प्र.नं. ०३५६६५८५/३८९६ जि.प्र.का. सिरहा जारी मिति : २०६२/१०/१३ बाबु : मंगल यादव बाजे : जनक यादव ठेगाना : सिरहा जिल्ला, कच्चनारी गा.वि.स. वडा नं. १	**१. नाम : मंगल यादव** ना.प्र.नं. ४४४७/३९६४३१८० जि.प्र.का. सिरहा जारी मिति : २०४३

बैंकर र व्यवसायीअनुकूलको नीति लिने अर्थमन्त्रीको आश्वासन



अर्थमन्त्री वर्षमान पुनले व्यवसायीहरूसँग भने– गल्ती गर्नेले सजाय पाउँछ, तर कोही व्यक्तिले गल्ती गर्दैमा पूरै समुदायलाई नराम्रो भन्न हुँदैन। व्यवसायीको पिरमर्का बुझ्ने र समाधान गर्ने जिम्मेवारी मेरो हो। म यहाँहरूलाई हतोत्साही हुन दिन्न।

नयाँ पत्रिका

अर्थमन्त्री वर्षमान पुनले बैंकर र व्यवसायीसँग उनीहरूको मनोबल बढाउने गरी काम गर्ने प्रतिबद्धता गरेका छन्। बिहीबार अर्थ मन्त्रालयमा पुगेका उद्योग वाणिज्य महासंघका प्रतिनिधिमण्डलसँग भेट गर्दै उनले निजी क्षेत्रको मनोबल उकास्ने बताए। सरकारले कुनै समुदायप्रति अपराधीजस्तो व्यवहार नगर्ने उनको भनाइ छ।

निजी क्षेत्रमाथि धरपकड भइरहेको विषयमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मन्त्री पुनको ध्यानाकर्षण गराएका थिए। मन्त्री पुनले पहिले अनुसन्धान पूरा नगरी थुन्ने वातावरण अन्त्य गर्न सम्बन्धित निकायसँग पनि समन्वय गर्ने बताएका छन्। 'गल्ती गर्नेले सजाय पाउँछ, तर कोही व्यक्तिले गल्ती गर्दैमा पूरै समुदायलाई नराम्रो भन्न हुँदैन,' व्यवसायीसँगको भेटमा उनले भने, 'यो मेरो जिम्मेवारी हो। म यहाँहरूलाई हतोत्साही हुन दिन्न।'

ढकालले विद्यमान आर्थिक समस्या समाधानका लागि पहिलो सर्त निजी क्षेत्र र सर्वसाधारणको मनोबल बढाउनु रहेको बताए। साना सहर र गाउँसम्म रकम प्रवाह गर्न सरकारले पुँजीगत खर्च बढाउनुका साथै पुनर्कर्जा सुविधा विस्तार गर्नुपर्ने बताएका थिए। 'सहकारी र लघुवित्तमा देखिएको समस्याले साना व्यवसायी र सर्वसाधारणको हातमा रकम पुग्न सकेको छैन,' उनले भने, 'त्यसका लागि सरकार र बैंकमा रहेको रकम सर्वसाधारणको हातमा पुग्ने व्यवस्था गर्नुपर्छ।'

उनले निर्माण व्यवसायीलाई बक्यौता भुक्तानीका लागि पहल गर्न पनि मन्त्री पुनसमक्ष आग्रह गरेका छन्। महासंघका प्रतिनिधिअधि मन्त्री पुनलाई नेपाल बैंकर्स संघका पदाधिकारीले पनि भेट गरेका थिए। सो भेटमा मन्त्री पुनले जनताको निक्षेपबाट लिइएको बैंकको ऋण तिर्दिन भन्ने र तिर्नुहुन्न भन्ने प्रवृत्तिलाई कडाइका साथ नियन्त्रण गर्ने बताएका थिए।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बैंकको ऋण नतिर्ने भड्काउँदै हिँड्नेहरूलाई कारबाही गर्न सम्बद्ध मन्त्रालय र निकायलाई निर्देशन दिएको उनले जानकारी दिए।

पुनलाई नेप्सेको 'ग्रिन सिग्नल'

काठमाडौं/ नवनियुक्त अर्थमन्त्रीका वर्षमान पुनलाई सेयर बजारले 'ग्रिन सिग्नल' दिएको छ। अर्थमन्त्री शपथ लिएको दिन बुधबार नेप्से परिसूचक १३ दशमलव ५१ अंकले बढेर दुई हजार ३० दशमलव ५५ विन्दुमा आइपुगेको थियो। कारोबार बन्द हुन केही समय बाँकी हुँदा अर्थमन्त्रीमा पुनको आगमन हुने संकेतबीच नेप्से सूचक ९ दशमलव ३३ प्रतिशतले बढेको थियो।

पुनले बुधबार साँझ नै अर्थ मन्त्रालयको पदभार ग्रहण गर्दै प्यानिक अवस्थामा रहेका लगानीकर्तालाई राहत हुने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। उनले ६० लाख लगानीकर्ताको हितमा रहेर काम गर्दै सेयर बजारलाई सुधार गर्ने बताएका थिए। सेयर लगानीकर्तालाई देखाएको सद्भावबीच बिहीबारको सेयर बजारले पनि उनलाई ग्रिन सिग्नल दिँदै १३ दशमलव ५१ अंकले वृद्धि भएको छ। लगानीकर्ता तुलसीराम ढकालले विगतमा पनि पुनः अर्थमन्त्री हुँदा बजार प्यानिक अवस्थामा रहेको र उनको आगमनले सेयर बजारमा सुधार भएको इतिहासलाई सकारात्मक रूपमा हेरिएको बताए। उनले भने, 'उहाँ लगानीकर्ताको कुरा सुन्ने र सुझबुझपूर्ण निर्णय लिने हुँदा निरुत्साहित लगानीकर्तामा उत्साह आएको देखिन्छ।'

सत्ता परिवर्तनसँगै सुस्ताएको सेयर बजारमा उत्साह आएको छ। पछिल्लो चार दिनको कारोबारमा ७० दशमलव २३ अंकले नेप्से परिसूचक बढेको छ, यसबीचमा ११ अर्बको कारोबार भएको छ। बिहीबार धितोपत्र र ऋणपत्र गरी तीन सय नौ कम्पनीको ८९ लाख २ ९ हजार कित्ता सेयर खरिद-बिक्री हुँदा तीन अर्ब १९ करोड रुपैयाँको कारोबार भएको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नागढुंगा सुरुङमार्गको निर्माणका लागि तेस्रोपटक म्याद थप गरिँदै

२५ अप्रिलमा निर्माण सम्पन्न गर्नुपर्ने जापनिज कम्पनीले माग्यो थप एक वर्ष समय

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सिस्नेखोला-नागढुंगा सुरुङमार्ग बनाइरहेको जापनिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनले ठेक्काको म्याद एक वर्ष थप्न प्रस्ताव गरेको छ। कम्पनीसँग गरेको ठेक्का सम्झौताको म्याद आगामी २५ अप्रिलमा सकिँदै छ। तर, त्यो अवधिमा काम नसकिने भएपछि कम्पनीले म्याद थप गर्न सडक विभागलाई पत्राचार गरेको हो।

सरकारले यसअघि पनि कम्पनीलाई दुईपटक गरेर एक वर्ष म्याद थप गरिसकेको छ। दुईपटक थपिएको म्यादमा पनि काम सम्पन्न नभएपछि पुनः म्याद थप गर्ने प्रक्रिया अघि बढाएको विभागका एक उच्च अधिकारीले बताए। 'अहिलेकै सम्झौता अवधिमा काम सकिन्न। राम्रोसँग काम गर्न सकेमा सुरुङमार्ग ब्रेक थ्रु भएको एक वर्षमा काम सम्पन्न गर्न सकिन्छ। सोहीअनुसार एक वर्षकै हाराहारीमा म्याद थप्ने प्रस्ताव आएको छ,' उनले भने, 'त्यसमा प्रारम्भिक प्रक्रियासमेत अघि बढिसकेको छ। यसमा छिट्टै औपचारिक निर्णय हुन्छ।'

सुरुङमार्ग निर्माणका लागि सडक विभाग र कम्पनीबीच सेप्टेम्बर ०१९ मा ठेक्का सम्झौता भएको थियो। त्यसको ४२ महिना अर्थात् अप्रिल ०२३ भित्र आयोजनाको निर्माण सम्पन्न गर्नुपर्ने पहिलो सम्झौता थियो। तर, बीचमा कोरोना महामारीलगायतका कारण पनि आयोजनाको निर्माण कार्य प्रभावित भयो। त्यसपछि दुईपटक म्याद थप गरेर अप्रिल ०२४ सम्म पुऱ्याइएको थियो। तर, गत वर्ष अस्थायी रूपमा क्रसर बन्द हुने, भौगोलिक जटिलता आउनेलगायत कारण परियोजनाको निर्माण कार्य प्रभावित भएको थियो। सोही अवस्थालाई दृष्टिगत गर्दै म्याद थप गर्न आवश्यक रहेको स्रोतको भनाइ छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले पनि उक्त ठेक्काको म्याद थप गर्नुपर्ने बताए। 'यसबारे मलाई औपचारिक जानकारी आइसकेको छैन। यद्यपि, यस ठेक्काको म्याद थप भने गर्नुपर्छ नै,' उनले भने, 'साथै, यस परियोजनाको निर्माण कार्यबाट हामी पनि सन्तुष्ट छौं। पहिलो सम्झौता म्यादमै काम नभए पनि अन्य ठूला परियोजनाको तुलनामा यसको निर्माण द्रुत गतिमा अघि बढेको छ। यसलाई सकारात्मक रूपमा लिनुपर्छ।'

यद्यपि, स्थानीयको अवरोधका कारण परियोजनाको निर्माण कार्य ६ फागुनदेखि ठप्प छ। फलस्वरूप २३ फागुनमा गर्ने भनिएको मुख्य टनेलको ब्रेक थ्रुसमेत अन्योलमा छ। खानेपानीको व्यवस्था गर्नुपर्ने, टनेलमाथिको जग्गाको मुआब्जा पाउनुपर्ने, प्रभावित क्षेत्र घोषणा गर्नुपर्नेलगायत मागसहित स्थानीयले ६ फागुनदेखि आयोजनामा निर्माण कार्य गर्न दिएका छैनन्। दुई हजार ६ सय ८८ मिटरको मुख्य सुरुङमार्गमा अब १४ मिटरखण्ड मात्रै खन्न बाँकी छ, जुन पाँच दिनमा खन्न सकिन्छ। स्थानीयसँग ठोस सहमति नभएका कारण अझै काम सुरु हुन सकेको छैन। साथै, कहिलेदेखि काम सुरु हुन्छ भन्नेमा पनि अन्योल छ।

यो परियोजनामा रेस्क्यु र मुख्य गरेर दुई टनेल छन्। दुई हजार पाँच सय ५७ मिटरको रेस्क्यु टनेल भने २२ साउनमा 'ब्रेक थ्रु' भइसकेको छ। तर, स्थानीयको अवरोधका कारण मुख्य टनेलको ब्रेक थ्रुसँगै परियोजना निर्माणको सबै काम अन्योलमा छ।



एक वर्षमा सकिन्छ त काम ?

२०१९ अक्टोबर २१ मा यस आयोजनाको शिलान्यास गरिएको थियो। त्यसपछि नोभेम्बर ०२० देखि आयोजनाको निर्माण कार्य सुरु भएको थियो। हालसम्म समग्र भौतिक प्रगति ६१.१५ प्रतिशत छ। अबको एक वर्षमा बाँकी काम सकिने आयोजनाका परामर्शदाता रामेश कोइरालाले बताए। 'पहिला त स्थानीयसँग ठोस सम्झौता गरेर काम सुचारु गर्नुपर्छ। काम सुरु भएको पाँच दिनमा मुख्य टनेल ब्रेक थ्रु हुन्छ,' उनले भने, 'ब्रेक थ्रु भएको एक वर्षमा परियोजना सञ्चालनमै ल्याउन सकिन्छ।'

स्थानीयसँग सहमति भएर काम सुरु भएको केही दिनमै मुख्य सुरुङमार्गको ब्रेक थ्रु हुनेछ। तर, यस आयोजनामा सुरुङ ब्रेक थ्रु भएर मात्रै हुँदैन। त्यहाँभित्रको सडक ढलान गर्नुपर्नेछ। त्यसका अलावा सुरुङमार्गभित्र अक्सिजनको मात्रा मिलाउने, कन्ट्रोल सिस्टम बनाउने, टेलिफोन जडान गर्ने, रेस्क्यु सेन्टर बनाउने, लाइट जडान गर्ने, तापक्रम मिलाउनेलगायत काम गर्न बाँकी नै छ। त्यसका लागि थप ६ महिनाभन्दा बढी समय लाग्ने अनुमान गरिएको छ। त्यसपछि सम्पुर्ण निर्माण कार्य सम्पन्न भएपछि सुरुङलाई सञ्चालनका लागि योग्य (स्टेबल) बनाउन थप न्यूनतम ६ महिना समय लाग्छ। यसका अलावा आयोजनाअन्तर्गतको फ्लाई ओभर बनाउने काम पनि बाँकी छैन। यी काम गर्न एक वर्ष समय चाहिने परामर्शदाता तथा इन्जिनियरसमेत रहेका कोइरालाले बताए।

कति सकियो काम ?

आयोजना कार्यालयको तथ्यांकअनुसार सुरुङ खन्नेतर्फ ९९ प्रतिशतभन्दा बढी काम भइसकेको छ। रेस्क्यु टनेलसँगै एक सय २६ मिटरको वर्किङ अडिट र एक सय २८ मिटरको क्रस प्यासेज खन्ने काम सकिएको छ।

आयोजनाको समग्र भौतिक प्रगति भने ६१.१५ प्रतिशत पुगेको छ। वित्तीय प्रगति भने ६३.९६ प्रतिशत पुगेको तथ्यांकमा उल्लेख छ। हालसम्म परियोजनाको ११ वटा संरचना तयार भइसकेको छ। आयोजनामा बन्ने १२ संरचनामध्ये तीन अन्डरपास र चार बक्स कल्भर्ट (माथि गाडी गुड्ने, तल पानी बग्ने संरचना)को निर्माण सकिएको छ। यसैगरी, एक ओभरपास, तीनवटा पुलको निर्माण पनि सम्पन्न भइसकेको छ। फ्लाई ओभर भने निर्माणको चरणमा छ।

एमसिएले भारतसँग जोडिने १८ किमि प्रसारणलाइनको छुट्टै टेन्डर निकाल्ने

नयाँ पत्रिका

मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपालले न्यु बुटवल, नेपाल-भारत सीमा प्रसारणलाइन निर्माण गर्न छुट्टै टेन्डर आह्वान गर्ने भएको छ। १८ किमिको प्रसारणलाइन नेपाल-भारत दोस्रो अन्तरदेशीय प्रसारणलाइन (न्यु बुटवल-गोरखपुर)को नेपाली खण्ड हो। भारत खण्डको निर्माण नेपाल विद्युत् प्राधिकरण र पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडले संयुक्त लगानीमा अघि बढाइसकेका छन्, जुन ०२६ भित्र सक्ने लक्ष्य छ।

नेपाल खण्डको निर्माण भने एमसिए नेपालले गर्दै छ। तर, नयाँ टेन्डर निकाल्न भएको ढिलाइका कारण त्यसको निर्माण अन्योलमा थियो। सोही अवस्थालाई दृष्टिगत गर्दै एमसिए नेपाललले यसको टेन्डर छुट्टै निकाल्ने निर्णय गरेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले जानकारी दिए। 'एमसिएले तीन सय १५ किमिको चार प्रसारण लाइन बनाउँदै छ। त्यसमै जोडेर टेन्डर अघि बढाउँदा यसको निर्माणमा ढिलाइ हुने देखियो।

भारत खण्डको प्रसारणलाइन बनिसक्दा नेपाल खण्डको नबन्ने अवस्था देखियो। त्यस्तो अवस्था आएमा नेपालले भारतलाई क्षतिपूर्ति दिनुपर्ने हुन्छ,' उनले भने, 'सोही जोखिमलाई दृष्टिगत गर्दै एमसिएलाई उचित विकल्प निकाल्न अनुरोध गरेका थियौं।

त्यसपछि एमसिए नेपालले यो निर्णय गरेको हो। अब एमसिएले यसका लागि छिट्टै र छुट्टै टेन्डर निकाल्नेछ। छुट्टै टेन्डर भएमा खरिद प्रक्रिया छिट्टै सकिन्छ। फलस्वरूप समयमै निर्माण सम्पन्न हुने अपेक्षा छ।' ०८३ अर्थात्, सन् ०२६/२७ भित्रै सम्पन्न गर्ने गरी बुटवल, नेपाल-भारत सीमा प्रसारणलाइनको निर्माण अघि बढाइने पनि उनले बताए।

एमसिएले चार सय केभी डबल सर्किट क्षमतामा तीन सय १५ किमिबराबरको चार प्रसारणलाइन बनाउँदै छ। त्यसमा १८ किमिको यो (बुटवल, नेपाल-भारत सीमा)सहित लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा (११७ किमि), रातमाटे-न्यु दमौली (९० किमि) र न्यु दमौली-न्यु बुटवल (९० किमि) प्रसारणलाइन छन्। एमसिएले यी चार प्रसारणलाइन निर्माणका लागि १२ मंसिर ०७९ देखि ७ जेठ ०८० सम्म टेन्डर आह्वान गरेको थियो। तर, त्यसमा न्यूनतम वित्तीय प्रस्ताव नै अनुमानित लागतभन्दा बढी परेपछि २६ असोजमा टेन्डर रद्द गरिएको थियो।

पाँच महिना बितिसक्दा पनि अझै नयाँ टेन्डर आह्वान भएको छैन। त्यसका लागि अझै चार-पाँच महिना लाग्ने देखिएको छ। सोही कारण दोस्रो अन्तरदेशीय प्रसारणलाइनको सञ्चालन पर्न सक्ने असरलाई दृष्टिगत गर्दै यस्तो निर्णय गरिएको हो।

नबिल बैंक लिमिटेड, दमौली शाखा, तनहुँको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/११/२५)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

	तपसिल
१	**ऋणी को नाम र ठेगानाको विवरण**
	खडानन्द सापकोटाकी छोरी, विष्णु प्रसाद पौडेलकी बुहारी, तारा नरेश पौडलकी श्रीमती, चितवन जिल्ला, पार्वतिपुर गा.पा. वडा नं. ५, स्थायी घर भई हाल तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ५६६/०३५ (जारी मितिः २०४८/०७/१४, स्थान चितवन) भएकी **श्रीमती सुशिला सापकोटा।**
	व्यक्तिगत जमानतकर्ताको विवरण
	१. जगन्नाथ पौडेलको नाती, विष्णु प्रसाद पौडेलका छोरा, तनहुँ जिल्ला, रुपकोट गा.वि.स. वडा नं. ४ स्थायी घर भई तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ११ बस्ने, नागरिकता ना.प्र.नं. १८६८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: तनहुँ, मितिः वि.सं. २०४६/१२/०३ भएको **श्री तारा नरेश पौडेल।**
	२. विष्णु प्रसाद पौडेलको नाती, तारा नरेश पौडेलको छोरा, तनहुँ जिल्ला, रुपकोट गा.वि.स. वडा नं. ४ स्थायी घर भई तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ११ बस्ने, नागरिकता ना.प्र.नं. ४३-०१-७२-०६०६३, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: तनहुँ, मितिः वि.सं. २०७२/०९/०६ भएको **श्री प्रमोद पौडेल।**
२	**ऋणीको नाम र ठेगानाको विवरण**
	खडानन्द सापकोटाकी छोरी, विष्णु प्रसाद पौडेलकी बुहारी, तारा नरेशकी श्रीमती, चितवन जिल्ला, पार्वतिपुर गा.पा. वडा नं. ५, स्थायी घर भई तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ५६६/०३५ (जारी मितिः २०४८/०७/१४, स्थान चितवन) भएकी **श्रीमती सुशिला सापकोटा** तथा जगन्नाथ छोरा, तनहुँ जिल्ला, रुपकोट गा.वि.स. वडा नं. ४ स्थायी घर भई तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ११ बस्ने, नागरिकता ना.प्र.नं. १८६८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: तनहुँ, मितिः वि.सं. २०४६/१२/०३ भएको **श्री तारा नरेश पौडेल।**
	संयुक्त धितोको विवरण
	चितवन जिल्ला, पार्वतिपुर गा.पा. वडा नं. ५, स्थायी घर भई तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ११ बस्ने, **श्रीमती सुशिला सापकोटा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला कर्लुङ गा.वि.स. वडा नं. ६ सिट नं. ६ च मा अवस्थित कि.नं. २६५ को क्षेत्रफल ०-२-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इट्टाभट्टा, झापा, कोशी प्रदेश

बोलपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित : मिति २०८०/११/२४ गते

प्रस्तुत विषयमा यस मेचीनगर नगरपालिका कार्यालयबाट मिति २०८०/११/२४ गते https;//www.bolpatra.gov.np/egp मा मेचीनगर नगरपालिकाबाट तपशिल बमोजिमको सूचना प्रकाशन भएको हुँदा, आवश्यक कागजातहरू संलग्न गरी रू : ३०००।- (तीन हजार मात्र) पछि फिर्ता नहुने गरी श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता नं: १०६०३०००००१००१०००००१ मा नगद जम्मा गरी E–Bid को माध्यमबाट मात्र बोलपत्र पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। थप सूचना https://www.bolpatra.gov.np/egp बाट हेर्न सकिन्छ।

तपशिल

S.no	Contract ID	Project Title	Procurement Type	Bid Security (In Nrs.)	Bid security Validity Period
1.	59/sanitary Pad/ Mechi/Goods/ 2080/81	Procurement for Supply of Sanitary Pad	NCB-Goods	140000/-	120 days after bid opening

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इट्टाभट्टा, झापा, कोशी प्रदेश

बोलपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित : मिति २०८०/११/२३ गते

प्रस्तुत विषयमा यस मेचीनगर नगरपालिका कार्यालयबाट मिति २०८०/११/२३ गते https://www.bolpatra.gov.np/egp मा मेचीनगर नगरपालिकाबाट तपशिल बमोजिमको सूचना प्रकाशन भएको हुँदा आवश्यक कागजातहरू संलग्न गरी रू : १०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता नं: १०६०३०००००१००१०००००१ मा नगद जम्मा गरी E–Bid को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। थप सूचना https://www.bolpatra.gov.np/egp बाट हेर्न सकिन्छ।

तपशिल

S.no	Contract ID	Project Title	Procurement Type	Estimated Amount (In NRs.)	Bid Security (In Nrs.)	Bid security Validity Period
1.	58/W5/Healthpost/ Wall/Mechi/SQ/ 2080/081	Andheri Health post compound wall Construction Work, Mechinagar 5	SQ-Works	1388926.95 with PS and VAT	39000/-	75 days after bid opening

एक अर्ब ५० करोड लगानीमा होन्डाको एसेम्बल प्लान्ट सुरु

काठमाडौं/ होन्डाको दुईपांग्रे सवारीको एसेम्बल प्लान्ट अब नेपालमै हुने भएको छ। होन्डा मोटरसाइकलको मुख्य बिजिनेस युनिटका भाइस-प्रेसिडेन्ट मिनोरु काटोले भैरहवामा होन्डाको 'एसेम्बल प्लान्ट' उद्घाटन गरेका हुन्।

एक अर्ब ५० करोड रुपैयाँको लगानीमा दुई लाख वर्गफुट क्षेत्रफलमा प्लान्ट स्थापना गरिएको कम्पनीले जनाएको छ। उक्त प्लान्टको वार्षिक क्षमता एक लाखवटा मोटरसाइकल र स्कुटर उत्पादन गर्ने रहेको कम्पनीको भनाइ छ।

प्लान्ट उद्घाटन कार्यक्रममा कुमामोतो फ्याक्ट्री, भेइकल एसेम्बल प्लान्टका महाप्रबन्धक तायुकी नाकानोसे, एएसएच थाइल्यान्डका बिक्री निर्देशक तेत्सुया कोमिने तथा उत्पादन निर्देशक ओइची सिमादा उपस्थित रहेको कम्पनीले जनाएको



छ। त्यस्तै, जापानबाट बिक्री विभाग प्रमुख मासाहिदे हिरोसी र सहायक प्रबन्धक यासुयुकी यामामोतो तथा एचएमएसआई-भारतका उत्पादन निर्देशक नवीन अवाल र आयात-निर्यात बिक्री तथा आफ्टर सेल्स सर्भिसका महाप्रबन्धक प्रदीप चौधरी पनि उपस्थित रहेको जनाइएको छ। त्यस्तै, ज्योति ग्रुपका अध्यक्ष पद्म ज्योति, होन्डाको नेपालका लागि अधिकृत विक्रेता स्याकार ट्रेडिङ कम्पनीका अध्यक्ष सौरभ ज्योति तथा स्याकार ट्रेडिङ कम्पनीका उपाध्यक्ष सुरिद ज्योतिको पनि उपस्थिति रहेको जनाइएको छ। कम्पनीले नवस्थापित एसेम्बल प्लान्टसँगै आफ्नो सहायक कम्पनी हिमाल मोटो प्रालिमार्फत उत्पादनको बिक्री-वितरण, पाटपुर्जाको उपलब्धता र सर्भिसिङको सेवा भनै सहज र सुलभ हुने जनाएको छ।

चितवनमा इनर्जी मोटर्सको सोरुम

भरतपुर/ इनर्जी मोटर्सले चितवनमा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ। चितवनको भरतपुर- ९ स्थित केन्द्रीय बस टर्मिनल (पारस बसपार्क)छेउमा रहेको सोरुमको विशाल ग्रुपका सिइओ विवेक बिजुक्छेले उद्घाटन गरेका हुन्।

सोरुम उद्घाटनकै अवसर पारेर एमआरएस र स्काई वेल ब्रान्डको विद्युतीय माइक्रो भ्यान पनि लन्च गरिएको छ। यसअघि नै उक्त भ्यानहरू चितवनमा बिक्री सुरु भए पनि औपचारिक रूपमा लन्च गरिएको थिएन। सोही क्रममा एमआरएस र स्काई वेलका नयाँ ग्राहकलाई चाबी हस्तान्तरण पनि गरिएको थियो।



कम्पनीका अध्यक्ष मोहन रानाले पाँच वर्षको वारेन्टीका ११ सिटे र १४ सिटे विद्युतीय माइक्रो भ्यानहरू बजारमा ल्याएको बताए। उनका अनुसार यी गाडीहरू एकपटकको चार्जमा तीन सय किलोमिटर गुड्नेछन्। उक्त गाडी खरिदका लागि सरल, सहज र सहुलियत ब्याजदरमा बैंकिङ सुविधा पनि उपलब्ध गराइएको रानाले बताए।

सोही समारोहमा कम्पनीले वर्तमान अवस्थामा 'विद्युतीय गाडीको प्रवेश र चुनौती, राष्ट्रिय हितमा विद्युतीय गाडी या इन्धन गाडी' विषयक अन्तर्क्रिया कार्यक्रम पनि गरेको थियो। कार्यक्रममा विशाल ग्रुपका सिइओ बिजुक्छेले भूगोल र चालकको सीपअनुसारका गाडी नेपालमा आएको भन्दै अब विद्युतीय गाडीको विकल्प नरहेको बताए। उनले भने, 'विद्युतीय गाडीमा पनि एमआरएस र स्काई वेल नेपालको भूगोलअनुसार उत्कृष्ट छ।'

जोशीले पाइन् महालक्ष्मी विकास बैंकको छात्रवृत्ति

काठमाडौं/ महालक्ष्मी विकास बैंकले धनगढीको श्री त्रिनगर माध्यमिक विद्यालयमा अध्ययनरत छात्रा हीराकुमारी जोशीलाई कक्षा १० अध्ययनका लागि स्वर्गीय नवराजबहादुर सिंह जेहेनदार छात्रवृत्ति प्रदान गरेको छ। महालक्ष्मी विकास बैंकसँग मर्ज भएको संस्था मालिका विकास बैंकका संस्थापक अध्यक्ष स्व. नवराजबहादुर सिंहको स्मृतिमा स्थापित उक्त छात्रवृत्ति बैंकको सुदूरपश्चिम प्रादेशिक कार्यालय प्रमुख सुनीलकुमार नेपालले हस्तान्तरण गरेका हुन्।

अध्ययनमा उत्कृष्ट, तर पारिवारिक आर्थिक स्थिति कमजोर भएकाले विद्यार्थीको अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले ५० हजार रुपैयाँबराबरको छात्रवृत्ति उपलब्ध गराएको बैंकले जनाएको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म:
वि.सं. १९५५/०६/०३

स्वर्गारोहण:
वि.सं. २०८०/११/१४

स्व. कपिलमणि कँडेल

यस महासंघका पूर्व कार्य समिति सदस्य एवं कपिल निर्माण सेवाका प्रोपाईटर श्री केदार कँडेलज्यूका पूजनीय पिता **कपिलमणि कँडेल**को स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

रवि सिंह
अध्यक्ष
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

एसजेवीएन अरूण-३ पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.

(एसजेवीएन की पूर्ण स्वामित्व वाली अभीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-३ जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

एसएपीडीसी SAPDC

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Description of Work & Contract No.	Publishing date on websites	Last date for Submission & Opening of bid Proposals
Construction of 2 Story RCC Building at Yaphu Healthpost Makalu Rural Muncipality-06, Distt. Sankhuwasabha, Nepal, under Local Benefit Sharing Plan (LBSP) Arun-3 HEP. (PCD-248/2024)	07.03.2024	**Submission:** at (Tumlingtar Office) 31.03.2024 upto 1500 Hrs. **Opening:** at (Tumlingtar Office) 01.04.2024 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np** & **http://sjvn.nic.in/tender.htm**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer(P&C),
e-mail: pnc.sapdc@sjvn.nic.in

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टि,सिन्धुपाल्चोक
बागमति प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति-२०८०-११-२५

यस भोटेकोशी गाउँपालिकाद्वारा मिति २०८०/०८/२० गते प्रकाशित सूचना अनुसार ठेक्का नं NCB/BRM/WORKS/07/080/081 Daklang–Listi–Bhairavkunda Road Upgrading & Maintenance को E–biding बोलपत्र आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरु मध्ये मिति २०८०/११/२४ को मूल्यांकन समितिको निर्णयानुसार न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा तपशिलको बोलपत्र दाता छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको व्यहोरा सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

तपशिल

सि.न	कार्यक्रमको नाम	ठेक्का नं.	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम (मु.अ.कर र पि.एस.बाहेक)
१	Daklang-Listi-Bhairavkunda Road Upgrading & Maintenance	NCB/BRM/WORKS/07/080/081	बि.एस.-आरोन-आर्कि जे भि, सिन्धुपाल्चोक	२९६२१३६१.२३ (दुई करोड छयानब्बे लाख एक्काइस हजार तिन सय एकसट्ठी रुपैयाँ तेईस पैसा मात्र)

प्रमुख प्रशासकीय अधिकृत

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे झापा

आधिकारिक आपूर्तिकर्ता (बिक्रेता) मा सूचिकृत हुने र दररेट पेश गर्नेबारे सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/११/२५)

यस गाउँपालिकाबाट संचालनमा रहेको भगिरथा बुद्धशान्ति अस्पतालले निम्न अनुसारका मेडिकल औजार तथा मेसिनरी उपकरणहरुमा प्रयोग हुने Kits, Chemicals, Films, Accessories, Parts तथा मर्मत संभार सम्बन्धि परामर्श सेवाहरु प्रोपाइटरी मालसमान (Closed Item) को रुपमा आ.व. २०८०/०८१ मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनीको आधिकारिक बिक्रता (प्रोपाइटर) हरुले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ को १(ग) एवम् सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(३ र ६) बमोजिम सूचिकृत हुन इच्छुक कम्पनी/फर्महरुले नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको स्वघोषणा पत्र, व्यवसाय दर्ता ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, सम्बन्धित कम्पनीको आधिकारिक विक्रेताको प्रमाणपत्र र आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु सहित तपशिलमा उल्लेखित मेशिनहरुमा लाग्ने Kits, Chemicals, Films, Accessories एवम् मुख्य मुख्य पार्टस (System Pack Reagent and Disposal) दररेट सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सुचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित समान, केमिकल्स आपूर्ति गर्न एकभन्दा बढी सोही कम्पनीका आधिकारिक बिक्रेताहरुको दररेट पेश हुन आएमा कम दररेट कबोल गर्ने आपूर्तीकर्तासंग सम्झौता गरी सामान आपूर्तीको व्यवस्था गरिनेछ। आवश्यक आधिकारिक कागजात पेश नगरेका र म्याद नाघी आएका निवेदन उपर कारवाही गरिने छैन। विस्तृत जानकारीका लागि बुद्धशान्ति गाउँपालिका बुधबारे झापामा सम्पर्क राख्न सकिनेछ। थप जानकारीको लागि ९८५२६५५५५० मा सम्पर्क गर्न सकिनेछ।

S.N.	Equipment Name	Company Name	Model No
1	Fully Automatic Biochemistry Analyzer	Agappe	Mispa CLX Pro Plus
2	Fully Automatic Immunoassay Analyzer	Snibe	Maglumi 800
3	Hematology Analyzer 3 Parts	Medonic	M32B
4	Compact Immuno-analyzer	Boditech	I-Chroma-II
5	Electrolyte Analyzer	Clinical Solutions pvt. Ltd.	Curelyte
6	X-Ray Machine CR System	Fujifilm	FCR Prima II

प्रमुख प्रशासकीय अधिकृत

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय कावासोती, नवलपरासीको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/११/२५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७०/०१/२० मा दर्ता नं. ११२१५६/६९/०७० कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, कपन गा.वि.स/न.पा. वडा नं. ३ स्थित **पि.एल.ए. एग्रीकल्चर एण्ड लाइभस्टक प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. फत्त बहादुर थापा मगरको नाति, नर बहादुर थापा मगरको छोरा, गोरखा जिल्ला, दर्वुङ गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **ठुक बहादुर थापा (ना.प्र.प.नं. १३२०२०, गोरखा)**

२. नर बहादुर थापा मगरको बुहारी, ठुक बहादुर थापाको पत्नी, गोरखा जिल्ला, दर्वुङ गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **पूर्ण थापा (ना.प्र.प.नं. १३२०२१, गोरखा)**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति : २०७६/११/१६ मा दर्ता नं. ५८९/०७६/०७० कायम भई दर्ता भएको नवलपरासी (बर्दघाट, सुस्ता पूर्व) जिल्ला, हुप्सेकोट गा.पा./न.पा. वडा नं. ४ स्थित **थापा दाजु भाई पशु तथा कृषि फर्म** **प्रोप्राइटर: अनिता पराजुली**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रण बहादुर थापाको नाति, भक्त बहादुर थापाको छोरा, नवलपरासी जिल्ला, कावासोती गा.वि.स/न.पा.वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **गजेन्द्र थापा (ना.प्र.प.नं. २२५८४ लमजुङ, नवलपरासी)**

२. भक्त बहादुर थापाको बुहारी, गजेन्द्र थापाको पत्नि, चितवन जिल्ला, पटीहानी गा.वि.स/न.पा.वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **अनिता पराजुली (ना.प्र.प.नं २१५८/०४४, चितवन)**

३. ऋणीको विवरण

प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योगको कार्यलयमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति : २०७६/०५/०५ मा दर्ता नं. २५२/०७६/०७० कायम भई दर्ता भएको नवलपरासी जिल्ला, कावासोती गा.वि.स./न.पा. वडा नं. ४ स्थित **कावासोती एकिकृत कृषि फर्म** **प्रोप्राइटर: रामु राना मगर**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. केशर सिंह रानाको नाति, दिलिप सिंह रानाको छोरा, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स/न.पा.वडा नं. १ स्थित स्थायी ठेगाना भएको **अर्जुन राना (ना.प्र.प.नं. ३६२०१८/४४४९, नवलपरासी)**

२. दिलिप सिंह रानाको बुहारी, अर्जुन रानाको पत्नि, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स/न.पा.वडा नं. १ स्थित स्थायी ठेगाना भएको **तारा देवी राना (ना.प्र.प.नं ३६२०१८/४६७७, नवलपरासी)**

३. दिलिप सिंह रानाको नाति, अर्जुन रानाको छोरा, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स/न.पा.वडा नं. १ स्थित स्थायी ठेगाना भएको **रामु राना मगर (ना.प्र.प.नं. ई. ५३१६३ नवलपरासी)**

४. अर्जुन रानाको बुहारी, रामु राना मगरको पत्नि, चितवन जिल्ला, शारदानगर गा.वि.स/न.पा.वडा नं. १ स्थित स्थायी ठेगाना भएको **सुनिता राना (ना.प्र.प.नं ३५१०३७/५८०, चितवन)**

५. दिलिप सिंह रानाको नातिनी, अर्जुन रानाको छोरी, नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स/न.पा.वडा नं. १ स्थित स्थायी ठेगाना भएको **तुलसी राना (ना.प्र.प.नं. ३६२०१८/१०६५ नवलपरासी)**

४. ऋणीको विवरण

जय लाल उपाध्यायको नाति, याम प्रसाद उपाध्यायको छोरा, बागलुङ जिल्ला, जैमिनी गा.वि.स/न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **गोविन्द प्रसाद शर्मा (ना.प्र.प.नं. १३२२-४५५, बागलुङ)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. याम प्रसाद उपाध्यायको बुहारी, गोविन्द प्रसाद शर्माको पत्नि, बागलुङ जिल्ला, छिस्ती गा.वि.स/न.पा. वडा नं.३ स्थित स्थायी ठेगाना भएको **कुमारी शर्मा (ना.प्र.प.नं. ५०१०३०/३६६०० बागलुङ)**

२. गजाधर पाध्यको नाती, शशिधर उपाध्यायको छोरा, बागलुङ जिल्ला, छिस्ती गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **ठक नाथ उपाध्याय (ना.प्र.प.नं. ४५३६, बागलुङ)**

३. याम प्रसाद उपाध्यायको नाती, गोविन्द प्रसाद शर्माको छोरा, बागलुङ जिल्ला, जैमिनी गा.वि.स/न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **किरण शर्मा (ना.प्र.प.नं. ५०-०१-७४-०२७९७, बागलुङ)**

४. याम प्रसाद उपाध्यायको नातीनी, गोविन्द प्रसाद शर्माको छोरी, बागलुङ जिल्ला, जैमिनी गा.वि.स/न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **शोभा शर्मा (ना.प्र.प.नं. ५०-०१-७७-०२३६१, बागलुङ)**

■ झापा गोल्डकप

आयोजक झापा सेमिफाइनलमा

झापामा चिरञ्जीवी घिमिरे

आयोजक झापा-११ एफसी छैटौं झापा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा बिहीबार झापा-११ ले एन्फा मकवानपुरलाई ५-१ ले हराउँदै अन्तिम चारमा स्थान बनाएको हो । झापाको जितमा आदित्य शाक्य, आशिष चापागाईं, विदेशी खेलाडी मार्क जुयिनर ह्यारिसन, प्रदीप बुढाथोकी, बबिन बोहराले समान एक-एक गोल गरे । मकवानपुरका लागि ओस्कारले एक गोल फर्काए । जितपछि झापाका प्रशिक्षक अन्गुर कुमार खड्गीले तालमेल अभाव सेमिफाइनलमा सुधार्ने बताए । 'हामीले सानो गल्तीमा गोल खाएका हौं । तालमेल पनि भएन । सेमिफाइनलमा चर्च ब्वाइजविरुद्ध राम्रो खेल्नेछौं,' प्रशिक्षक अन्गुरले भने, 'हामीलाई घरेलु समर्थकको पनि फाइदा हुनेछ । अन्तिम चारमा सबै खेलाडीले राम्रो प्रदर्शन गर्नेमा विश्वस्त छौं । यसपटक पनि उपाधि जित्ने लक्ष्य राखेका छौं ।' मकवानपुरका प्रशिक्षक अशोक बरालले तयारी राम्रो नभएको बताए । 'हामीले योजनाअनुसार खेल्न पनि सकेनौं । सेट खेलाडीबीच समस्या भयो । अधिकांश खेलाडी खेल्न आउन पाएनन्,' पूर्वगोलरक्षकसमेत रहेका बरालले भने, 'यो नतिजा निस्कन्छ भनेर अनुमान गरेका थिएनौं ।'

झापाको जितसँगै सेमिफाइनल समीकरण पूरा भयो । पहिलो सेमिफाइनलमा आर्मी र एपिएफबीच शुक्रबार खेल हुनेछ । दोस्रो सेमिफाइनलमा झापाले चर्च ब्वाइजको सामना शनिबार गर्नेछ । आर्मीले चारपटक उपाधि जितिसकेको छ । मनाङ मर्स्याङ्दी क्लबले एकपटकको विजेता हो ।

मध्यान्तरपछि आक्रामक झापा

झापाले पहिलो हाफमा एक गोल गर्दा दोस्रो हाफमा थप चार गोल गऱ्यो । खेलको २५औं मिनेटमा आदित्यले आशिष चापागाईंको थ्रो बलमा १-० को अग्रता दिलाए । खेलको ६६औं मिनेटमा विदेशी खेलाडी ह्यारिसनले दीपेश आले मगरले मध्यभागबाट मिलाएको एयर बललाई नियन्त्रण लिँदै २-० का लागि सुन्दर गोल गरे । मकवानपुरका ओस्कारले



६९औं मिनेटमा एक गोल फर्काए । समिराज थोकरले दायाँ भागबाट मिलाएको बललाई बक्समा रहेका ओस्कारले वान टचमै गोल गरेका हुन् । खेलको ८३औं मिनेटमा प्रदीप बुढाथोकीले तेस्रो गोल गरे । उनी मैदान प्रवेश गरेको पहिलो मिनेटमै गोल गर्न सफल भए । खेलको अन्तिम इन्जुरी समयमा झापाले दुई गोल थप्यो । बबिन बोहराले चौथो र आशिषले थप एक गोल गरे ।

यसअघि दुवै टोलीले गोलका निकै अवसर सिर्जना गरेका थिए । तर, फाइनल थर्डमा दुबै टोली चुके । खेलमा मकवानपुरभन्दा झापा बलियो देखियो । खेलको १८औं मिनेटमा झापाका ह्यारिसनले खाली पोस्टमा प्रहार गरेको बललाई कप्तान सुरज विष्टले गोल लाइनबाट क्लियर गरे । खेलको ४४औं मिनेटमा आदित्यको शक्तिशाली प्रहार गोलरक्षक गोपीले पन्च गरेका हुन् । खेलको ७३औं मिनेटमा आशिष चापागाईंले बक्सभित्रबाट हानेको प्रहार बारमा लागेर फर्कियो ।

सेमिफाइनलमा राम्रो प्रदर्शन गर्छौं

अंगुरकुमार खड्गी, प्रशिक्षक, झापा

सानो गल्तीमै हामीले गोल खाएका हौं । तालमेल पनि भएन र गल्ती पनि गऱ्यौं । सेमिफाइनलमा चर्च ब्वाइजविरुद्ध राम्रो खेल्नेछौं । हामीलाई घरेलु समर्थकको फाइदा हुनेछ । सेमिफाइनलमा सबै खेलाडीले राम्रो प्रदर्शन गर्नेमा विश्वास छ । सबैले हामीमाथि उपाधि आशा गरेका छन् ।

हाम्रो तयारी नै राम्रो थिएन

अशोक खवास, प्रशिक्षक, मकवानपुर

सेट गरेर अभ्यास गरेका खेलाडी नै प्रतियोगितामा भएनन् । सबै खेलाडी आ-आफ्ना काममा फर्किएका थिए । विदेशी खेलाडी पनि राम्रा भएनन् । दोस्रो गोल गल्तीमा भएपछि दबाबमा आयौं । गोलरक्षकबाट पनि राम्रो प्रदर्शन भएन । यस्तो नतिजा आउँछ भनेर सोचेका थिएनौं ।

रविलाई सूर्य नेपालको उपाधि

साबिक विजेता सदभावले अन्तिम दिन खराब प्रदर्शन गर्दा रविभन्दा सात स्ट्रोकले पछाडि परे

नयाँ पत्रिका

साबिक विजेता तथा एमेच्योर गल्फर सदभाव आचार्यलाई सात स्ट्रोकको फराकिलो अन्तरमा हराउँदै पूर्वनम्बर एक गल्फर रवि खड्काले सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको पाँचौं सूर्य नेपाल च्यालेन्जको उपाधि जितेका छन् । उनले सात वर्षपछि करिअरको पहिलो उपाधि जितेका हुन् । सन् २०१७ को अप्रिलमा सूर्य नेपाल एनपिजिए म्याच प्ले जितेपछि रविको पहिलो र सूर्य नेपाल टुरको १२औं उपाधि हो । उपाधिसँगै रविले एक लाख प्राप्त गरेका छन् । लगातार दुई दिनका शीर्ष स्थानमा रहेका सदभावले अन्तिम दिन बिहीबार ६ ओभर ७४ को खराब प्रदर्शन गर्दा उपाधि रक्षा गर्ने मौका गुमाएका हुन् ।

सदभावले समग्रमा १ अन्डर २ सय ७१ को स्कोर गरी एमेच्योरतर्फको उपाधि जिते । एमेच्योरतर्फ समग्रमा ७ ओभर २ सय ७९ को स्कोरका साथ टासी छिरिङ दोस्रो भए । उनले ३ ओभर ७१ मा खेल सकाए । समग्रमा १ ओभर २ सय ७३ सहित प्रोफेसनलतर्फ दिनेश प्रजापति, दीपक मगर र धनबहादुर थापा संयुक्त रूपमा दोस्रो स्थानमा रहेका छन् । दिनेशले अन्तिम दिन ४ अन्डर ६४ को उत्कृष्ट स्कोर बनाए । दीपकले १ ओभर ६९ र धनले ३ ओभर ७१ को स्कोर खडा गरे । उनीहरूले समान ५१ हजार ६ सय ६५ रुपैयाँ पाएका छन् ।

पहिलो दिन शीर्ष स्थानमा रहेका रामे मगरले इभन पार ६८ खेल्दै समग्रमा ४ ओभर २ सय ७६ सहित पाँचौं स्थानमा चित्त बुझाएका छन् । उनले ३६ हजार रुपैयाँ पाए । समग्रमा ५ ओभर २ सय ७७ को नतिजामा भुवन नगरकोटी, सञ्जय लामा, भुवन कुमार रोक्का र जयराम श्रेष्ठ संयुक्त रूपमा छैटौं स्थानमा छन् । दाबेदार भुवनले आज ८ ओभर ७६ को बिर्सनलायक प्रदर्शन गर्दा तेस्रो स्थानबाट तल झर्दै छैटौं स्थानमा खेल सकाउन बाध्य भएका छन् ।



सुरुमा तीन स्ट्रोकले पछाडि

प्रतियोगिताको अन्तिम १८ होलको खेल सुरुमा सदभावले भन्दा ३ स्ट्रोकले अग्रता लिएका थिए । सदभावले लय गुमाउँदा रविले त्यसको फाइदा लिए । रविले पहिलो, दोस्रो, चौथो र आठौं होलमा बर्डी प्रहार गरे । तेस्रो र सातौं होलमा एक-एक सट खेर फाल्दा उनले फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए । यता ३ स्ट्रोकको अग्रतामा दिनको सुरुवात गरेका सदभावले पहिलो होलमा बर्डी प्रहार गरे । त्यसपछि तेस्रो होलको डबल बोगी र आठौं होलको बोगीले फ्रन्ट नाइन २ ओभर ३६ मा सकाए । नौ होलको समाप्तीमा रविले सदभावलाई एक स्ट्रोकले पछि पारे ।

खेलको टर्निङ प्वाइन्ट दसौं होल बन्यो । सदभावले टी सट जंगलमा प्रहार गरे । सदभावले दोस्रो सट ओबी खेल्दा यो होलमा ट्रिपल बोगीको सामना गर्न बाध्य भए । यता रविले यही होलमा इगल प्रहार गर्दा दसौं होलको समाप्तिमा रविले सदभाव विरुद्ध ६ स्ट्रोकको अग्रता बनाए । यसपछि रविले १७औं होलमा एक सट खेर फाले भने १८औं होलको बर्डीले ब्याक नाइन २ अन्डर ३२ मा नै पूरा गरे ।

खेल | संक्षेप

इन्डोर कर्पोरेट क्रिकेट हुने

काठमाडौं/ राउन्ड टेबल नेपालले चौथो संस्करणको लिटमस इन्डोर क्रिकेट प्रतियोगिता आयोजना गर्ने भएको छ । राउन्ड टेबल नेपालले ९ देखि १० मार्चसम्म प्रतियोगिता आयोजना गर्ने जनाएको हो । प्रतियोगितामा ग्लोबल आइएमई, क्लाउड फ्याक्टरी नेपाल, स्ट्रोम कम्युनिकेसन नेपाल, आइसिएफसी फाइनान्स, लिटमस इन्डस्ट्री, नेपाल एसबिआई बैंक, हिमालयन रिइन्सुरेन्स तथा त्रिवेनी समूहले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ ।

ओपन स्पोर्ट क्लाइम्बिङ हुने

काठमाडौं/ स्व.बाबु छिरी शेर्पा ओपन स्पोर्ट क्लाइम्बिङ प्रतियोगिता १ चैतमा हुने भएको छ । पर्वतीय खेलकुद संघका अध्यक्ष डवाङ निमा शेर्पाले साहसिक खेलकुद उद्योगमा सकारात्मक प्रभाव पार्ने तथा सहभागीहरूका कारण नेपालमा खेलकुद आरोहण विकासको अनुभव बढाउने लक्ष्यसाथ प्रतियोगिता आयोजना गर्न लागेको बताए । प्रतियोगिता पुरुष र महिलाबीच छुट्टाछुट्टै आयोजना हुनेछन् ।

पूर्वविश्व च्याम्पियनसँग चन्द्रबहादुरको हार

नयाँ पत्रिका

फ्रान्सको पेरिसमा ३३औं गीष्मकालीन ओलम्पिक खेलकुद प्रतियोगिता आउँदो अगदेखि सेप्टेम्बरसम्म सञ्चालन हुँदै छ । यस प्रतियोगितामा सहभागिता जनाउन विभिन्न देशका खेलाडी छनोट प्रतिस्पर्धामा सहभागी भइरहेका छन् । यसैक्रममा नेपालका बक्सर खेलाडीले इटलीमा छनोट प्रतियोगिता खेलिरहेका छन् । प्रतियोगितामा नेपालबाट चन्द्रबहादुर थापा ५१ केजी तौल समूहमा पूर्वविश्व च्याम्पियन तथा हाउङझाउ एसियन खेलकुद प्रतियोगिताका कास्यपदक विजेता सुवोइ तामोपासँग पराजित भएका छन् ।

पहिलो खेल जितेका चन्द्रबहादुरले दोस्रो चरणमा जापानिज खेलाडीसँगको भिडन्तमा ५-० को स्कोरमा पराजित भएका हुन् । इटलीको वुस्टो असिजिओ एरिनामा बुधबार राति भएको खेलमा चन्द्रले तीन चरणमै पूर्वविश्व च्याम्पियन खेलाडी सुवोइमाथि मुक्का बर्साएका थिए । यद्यपि उनले खेल आफ्नो पक्षमा राख्न सकेनन् । विश्व च्याम्पियन खेलाडी सुवोईले आफ्नो अनुभवको आधारमा नेपाली बक्सर चन्द्रबहादुलाई हराए ।

चन्द्रबहादुले पहिलो खेलमा ताजकिस्तानका खेलाडीलाई हराउँदै अन्तिम ३२ राउन्डमा स्थान बनाएका थिए । यसैगरी नेपालकी महिला खेलाडी अन्जनी पोल्यान्डका खेलाडीसँग प्रतिस्पर्धात्मक खेलमा ५-० अंकले पराजित भएकी छिन् । अन्जनी यसअघि भारतमा भएको विश्व महिला बक्सिङ च्याम्पीयनसिपको क्वार्टरफाइनलमा प्रवेश गरेकी थिइन् । अब दोस्रो छनोट मे महिनामा थाइल्यान्डमा हुने भएको छ ।



भ्याली फुटसलमा २० टोली

काठमाडौं/ भ्याली पब्लिक स्कुलको आयोजनामा तेस्रो भ्याली पब्लिक कप अन्तरविद्यालय छात्र फुटसल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ । प्रतियोगितामा आयोजकको दुईसहित १८ टोलीको सहभागिता रहने बिहीबार आयोजित पत्रकार सम्मेलनमा भ्याली पब्लिकका प्रशासन प्रमुख महेश अधिकारीले जानकारी गराए ।

सहभागी टोलीलाई चार समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने प्रशिक्षक कमल राईले जानकारी दिए । समूह 'ए'मा आयोजक 'ए', हिमालयन, प्रशान्ती, पुष्पलाल र सनराइज छन् । यसैगरी, समूह 'बी'मा वेदव्यास, कान्तिपुर, साम्तेन, भद्रकाली र ठुङरम इन्टरनेसनल एकेडेमी (टिआइए) रहेका छन् ।

अनिता मिलन, रिपु मर्दिनी, ओम, फेरिल्यान्ड र बाल विकास समूह 'सी'मा छन् । आयोजक 'बी', श्रृष्टि ज्ञानभूमि र फ्युजन समूह 'डी' मा रहेका छन् । करिब एक लाख ६० हजार रुपैयाँ खर्च हुने भ्याली पब्लिकका विद्यालय संयोजक प्रकाश सिम्देलले बताए ।

महाशिवरात्री २०८० को
हार्दिक शुभकामना



STAR MALL
aspire for better
Putalisadak, Kathmandu
9851198344, 01-4012506 starmallktm@gmail.com

नयाँ पत्रिका 4012666 nayapatrikadaily.com
LIC 4012613 liccorporate@licnepal.com.np
CareEdge RATINGS NEPAL 4012628 careratingsnepal.com
KAMALA KARKI
नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED 4012585 nepalbank.com.np
KINGS 4012589 kings.edu.np
STARTUP EDUCATION
NEXUS WORLD EDUCATION
OLI & ASSOCIATES 4012500/4012555 oli.com.au
Coco Cafe 9803252600
ITALIAN ESPRESSO ACADEMY NEPAL 4012636 italianean@gmail.com
THE RISING TRADERS 9851027048 risingnep.com
PRESIDENT Educational Consultancy
4012606/07 elmiranepal.com
GOLDEN BRIDGE 4012581 goldenbridgeconsultancy.com.np
GENNEXT CONSULTING GROUP
COCOON EDUCATION & MIGRATION 4012559
9841386508
4 NATIONS INTERNATIONAL 4012548 4nations.com.au
3BEES GROUP EDUCATION & MIGRATION 4012800 3beesgroup.com.au
CARE DENTAL & SKIN CARE CENTER PRIVATE LIMITED 9840270801
9851312262 tricky.tipsy333@gmail.com
Amani
Vibe Education Achieving Excellence Together
Global CHOICE EDUCATION for global certification 4012545 globalchoice.edu.np
INGRAM International 4012554
4012675 nepatrade.com.np
ROBAM Enjoy Cooking 01-4417201 np.robamworld.com
Ramailo 9849631886
XCEL International Education 4012727 xcelinternationaleducation.com
Krish Salon Hair & Beauty
AISA International Nepal Pvt. Ltd. 4012808/809
IMI Int'l Management Institute of Nepal
Himalayan Business Group Education & Migration Services 01-4012631
Awarded International Education Pvt. Ltd. 4516908
Trishakti Security P. Ltd.
ZENITH MIGRATION | EDUCATION 4012690/91 zenithmigration.com.au
STUDENT WORLD
GlobalJob COMPLETE HR SOLUTION
Dynamic Holdings 4012549
The plan Education One Team, One Dream 9851079464
iNSTA Insta Education and Visa Services
DATA CARE CENTER KATHMANDU, NEPAL

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com